


PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ कात्तिक ०६ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 October 23 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ६१

## मुख्य सडकमा फालिएको फोहरले रोगलाई निम्तो दिंदै

प्रस, वीरगंज, ५ कात्तिक/

वीरगंज महानगर-११ मुर्लीचोकमा रहेका मासुमाछा पसलले बाटोमा फोहर फाल्न थालेपछि यात्रीहरूलाई समस्या भएको छ।

दिनभरि पसलबाट निस्केको फोहर रातिको समयमा माछामासु पसलेले बाटोमा फालेपछि सो क्षेत्रमा दुर्गन्ध फैलिएको छ।

फोहरका कारण बाटो हिंड्ने बटुवाहरू आवतजावत गर्दा मुख छोप्न बाध्य हुन्छन्।



मूर्लीचोक अगाडि मुख्य सडकमा थुपारिएको माछामासुको फोहर । तस्वीरः प्रतीक

मुर्लीबजारलाई व्यवस्थित बनाउन पटक-पटक पहल भएपनि कसैले चासो देखाएको छैन। मासुमाछाका पसल भएको कारण सो क्षेत्रमा रातितिर कुकुरहरूले आतङ्क मचाउने गरेको काङ्ग्रेसका नेता अरविन्द गुप्ताले बताए । सडकपेटी छेउमा माछाको पसल अव्यवस्थित भएको कारण सो क्षेत्रमा बजार व्यवस्थापन गर्न जरुरी रहेको उनले बताए।

माछामासु नखानेहरू अहिले मुर्लीचोकको बाटो भएर हिंड्न छाडेको उनले बताए।

फोहर राख्न मुर्लीचोकमा ठूला-ठूला ड्रम राखिए तापनि माछामासु पसलेले जथाभावी सडकमा फोहर फाल्दा भुस्याहा कुकुर र सुङ्गुरहरूले फोहर खोस्रेर घिनलाग्दो दृश्य देखिने गर्छ।

महानगरपालिकाले फोहरको गाडीमा मात्र फोहर राख्न होटल र माछामासु पसलेलाई आग्रह गरे पनि उनीहरूले अटेर गर्दै आएका छन्। पसलेहरूले रातिको समयमा सडकमा फोहर फाल्दा भुस्याहा कुकुरको आतङ्क पनि बढेको छ, जसले गर्दा रातिपख हिंड्डुल गर्ने व्यक्तिलाई कुकुरले लखेट्ने र टोक्ने गरेको नेता गुप्ता बताउँछन् । वीरगंज महानगरपालिकालाई यसबारे पटक-पटक जानकारी गराए पनि नगरप्रहरीले पसलेलाई कारबाई गर्न कुनै चासो देखाएको छैन।

## जयनगर-कुर्था रेलमार्ग नेपाल सरकारलाई हस्तान्तरण

प्रस, जनकपुरधाम, ५ कात्तिक/

भारत सरकारको सहयोगमा निर्माण भएको जयनगर-कुर्था रेलमार्ग नेपाल सरकारलाई हस्तान्तरण गरिएको छ। नेपाल सरकारको तर्फबाट उपस्थित नेपाल रेलवे कम्पनी लिमिटेडलाई हस्तान्तरण गरेको हो । कार्यक्रममा नेपालका लागि भारतीय राजदूत




विनयमोहन क्वात्रा तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवको सहभागिता थियो।

शुक्रवार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा आयोजित कार्यक्रममा हस्तान्तरण गरिएको हो।

भारत सरकारको तर्फबाट परियोजनाको कार्यान्वयन निकाय इरकान इन्टरनेशनल लिमिटेडले उक्त रेल खण्ड


भारत सरकारको आर्थिक सहयोगमा भारतको जयनगरदेखि नेपालको

(बाँकी अन्तिम पातामा)

## पत्रकार महासङ्घ प्रदेश २ का उपाध्यक्ष जीवितै
## मुख्यमन्त्रीदेखि समाजिक सञ्जालमा श्रद्धाञ्जलि दिनेको ओइरो

प्रस, परवानीपुर, ५ कात्तिक/

नेपाल पत्रकार महासङ्घ प्रदेश २ का उपाध्यक्ष रामानन्द गुप्ता जीवितै


लालबाबु राउत
Lalbabu Raut
मुख्यमन्त्री
Chief Minister

फोन फ्याक्स नं. ०४१-५२७३०३, ५२३१३३
PH. Fax No.: 041-527303, 523133
Website : www.ocmcm.p2.gov.np

प्रदेश सरकार
State Government
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
Office of the Chief Minister & the Council of Ministers
प्रदेश नं. २
State No. 2, Janakpurdham, Nepal

मिति : २०७८/७/०५

हार्दिक श्रद्धाञ्जली

विगत तीन दशकदेखि सिरहा जिल्लालाई कार्यक्षेत्र बनाएर पत्रकारिता गर्दै आउनुभएका लहान नगरपालिका निवासी रामानन्द गुप्ताको विराटनगर स्थित न्यूरो हस्पिटलमा उपचारको क्रममा भएको असामयिक निधनको खबरले स्तब्ध भएका छौ । नेपाल पत्रकार महासङ्घ प्रदेश २ का उपाध्यक्ष समेत रहनुभएका वहाँको निधनले पत्रकारिता क्षेत्रमा अपूरणीय क्षति भएको छ । दिवङ्गत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौ ।

लालबाबु राउत
मुख्यमन्त्री

रहेको खुलेको छ।

सिराहा, लहानका बासिन्दा गुप्ता केही दिनदेखि बिरामी थिए । उनको विराटनगरस्थित न्यूरो हस्पिटलमा उपचार चलिरहेको थियो। चिकित्सकले उनको अवस्था सिकिस्त रबाँच्ने अवस्था न्यून भएपछि परिवारजनलाई घर लैजान सुझाएका थिए।

त्यसपछि उनलाई अक्सिजनमा राखेर घर लगियो । त्यसपछि उनको निधन भएको खबर एक कान दुई कान मैदान भयो। थुप्रै समाचार पोर्टल र सामाजिक सञ्जालमा उनलाई श्रद्धाञ्जलि दिइनेहरूको ओइरो लाग्यो।

प्रदेश २ का मुख्यमन्त्री लालबाबू राउत गद्दी पनि के कम ? उनले पनि विज्ञप्ति निकालेर श्रद्धाञ्जलि दिइहाले। तर पत्रकार महासङ्घ प्रदेश २ का उपाध्यक्ष गुप्ता हाल जीवितै रहेको र उपचारको क्रममा फेरि घरबाट विराटनगरको एक अस्पतालमा लगिएको सिराहाका पत्रकार सुरेन्द्र काम्तीले बताए। "उनको अवस्था नाजुक छ, घर आएपछि उनी आफैं आफ्नो खुट्टामा उभिन खोजेका थिए," उनले भने, "निधनको समाचार लेख्ने साइटहरूले समाचार सच्याएर फेसबुकमा लेखेको श्रद्धाञ्जलि डिलिट गरेका छन्।" नेपाल पत्रकार महासङ्घ प्रदेश २ का महासचिव श्याम बन्जाराले सञ्चारमाध्यम र सामाजिक सञ्जालमा भ्रामक र गलत समाचार र अभिव्यक्ति आएको स्पष्ट पारे।

## दुर्व्यव्हारविरुद्ध इन्जिनीयरहरूको प्रदर्शन, १७ जनामाथि मुद्दा दर्ता

प्रस, जनकपुरधाम, ५ कात्तिक/

सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना जनकपुरका निमित्त आयोजना प्रमुख तथा डिभिजनल इन्जिनीयर राजेश कुशवाहामाथि भएको अभद्र व्यवहारको नेपाल इन्जिनीयर्स एशोसिएशनले विरोध गरेको छ र एशोसिएशनले शुक्रवार जनकपुरधाममा विरोध प्रदर्शन गरेको थियो।

ठूलो सङ्ख्यामा सहभागी इन्जिनीयरहरूले ब्यानर तथा प्लेकार्डसहित नगरमा विरोध प्रदर्शन गर्दै इन्जिनीयर कुशवाहामाथि अभद्र व्यवहार गर्न आदेश दिने डा सिके राउत र उनका कार्यकर्ताहरूमाथि कडा




कारबाहीको माग गरेका छन्। उनीहरूले डा राउतको इन्जिनीयरिङ लाइसेन्स खारेजीको लागि सिफारिश गर्न धनुषाका प्रमुख जिल्ला अधिकारीसँग माग गरेका छन्।

आफैं इन्जिनीयर भएर इन्जिनीयरलाई बदनाम तथा बेइज्जत गर्ने काम गरेकाले खारेजीको माग गरिएको एशोसिएशनले जनाएको छ । नारा जुलुससहित नगरपरिक्रमा पछि एशोसिएशनले धनुषाका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको थियो।

ज्ञापनपत्र बुझ्दै धनुषाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाले पक्राउ परेकामध्ये १७ जनामाथि अपराधसम्बन्धी मुद्दा चल्ने भएको

(बाँकी अन्तिम पातामा)

## किसानलाई क्षतिपूर्ति दिनुपर्ने आइटी आर्मीको माग

प्रस, वीरगंज, ५ कात्तिक/

आइटी आर्मी किसान सङ्घर्ष समितिले शुक्रवार सात सूत्रीय मागसहित प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाललाई ज्ञापनपत्र बुझाएको छ।



पर्सा र रौतहटमा प्रजिअद्वयलाई ज्ञापनपत्र बुझाउँदै टोली । फोटो : प्रतीक

हालै परेको अविरल वर्षाको कारण धानखेतीमा क्षति भएको र उचित क्षतिपूर्तिको मागसहित अनुदान व्यवस्था गर्न माग गर्दै प्रजिअ ढकाललाई ज्ञापनपत्र बुझाइएको थियो । ज्ञापनपत्रमा राहत, क्षतिपूर्ति दिनुपर्ने, कृषि बीमा लागू गर्नुपर्ने, किसानलाई पेन्सनको व्यवस्था, ट्याक्टरमा लाग्ने सम्पूर्ण कर खारेजी, कृषि ऋण सहज, मलखाद तथा भण्डारणको व्यवस्थालगायतका माग उल्लेख छन्।

आइटी आर्मीका जिल्ला अध्यक्ष सन्तोष पटेल नेतृत्वको टोलीले प्रजिअ ढकाललाई ज्ञापनपत्र बुझाएको थियो।

*प्रस, रौतहट*/

आइटी किसान सङ्घर्ष समिति रौतहटले विभिन्न माग राख्दै आज जिल्ला प्रशासन कार्यालय, गौरमा ज्ञापनपत्र बुझाएको छ।

ज्ञापनपत्रमा नेपालको कुल जनसङ्ख्याको लगभग दुई तिहाइ सङ्ख्या ओगटेको श्रमवीर किसानहरू देशको अर्थतन्त्रको कुल गार्हस्थ्य उत्पादनमा एक तिहाइ योगदान गर्दै आएकोमा हालै परेको अविरल वर्षाले धानबालीमा अपूरणीय क्षति पुगेको उल्लेख छ।

गत साता अविरल वर्षा तथा हावाहुरीका कारण किसानले लगाएको धानबाली नष्ट भएकोले क्षतिपूर्तिका लागि तत्काल राहत प्याकेज घोषणा गर्न सरकारसँग माग गरेको छ।

## अख्तियारद्वारा राजस्व शाखामा अनुगमन

प्रस, वीरगंज, ५ कात्तिक/

अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडाको टोलीले शुक्रवार वीरगंज महानगरपालिकाको राजस्व शाखा र वडा नं १४ मा अनुगमन गरेको छ। वडा नं १४ मा राजस्व हिनामिना भएको उजूरी परेपछि अख्तियारले केही दिन पहिले छापा मारी कागजात नियन्त्रणमा लिएको थियो। अनुसन्धानको क्रममा केही कागजात नपुगेको भन्दै वडा नं १४ को कार्यालयमा पुगी आवश्यक कागजात लिएर टोली हेटौंडा फर्केको थियो।

टोली महानगरको राजस्व शाखामा पुगी उजूरीको आधारमा राजस्व दाखिला भएको छ, छैन भन्दै कागजात माग्दा तत्काल कागजात उपलब्ध नभएपछि एक साताभित्र कागजात उपलब्ध गराउन महानगरलाई निर्देशन दिएको थियो।



अख्तियारका एकजना अधिकारी ।

समाचार स्रोतका अनुसार वडा कार्यालयमा कार्यरत कर्मचारीहरूले राजस्व सङ्कलन गर्ने तर दाखिला नगर्ने गरेको भन्दै किटानी उजूरी अख्तियारमा दिएको बताइएको छ।

गणना गर्ने अवधिः
कात्तिक २५ गतेदेखि
मङ्सिर ९ गतेसम्म ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### विचारसार र सूक्तिहरू

**तिम्रो असलपन निश्चय नै अदृश्य हुन सक्छ, तर त्यसको अमिट छाप हृदयमा अङ्कित रहन्छ ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९,
फोन नं. ०५१-५२५१२२, ५२३१०५, ९८४५०२१९१०
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


## प्रमुखमाथि दुर्व्यवहार

**प्रदेश २ को अस्थायी राजधानी जनकपुरधामस्थित खानेपानी तथा ढल व्यवस्थापन कार्यालयका निमित्त प्रमुखलाई जनमत पार्टीका कार्यकर्ताहरूले दुर्व्यवहार गरेका छन् । लाठी, भाटासहित ठूलो सङ्ख्यामा कार्यालय पुगेका कार्यकर्ताहरूले निमित्त प्रमुखलाई कार्यकक्षबाट निकालेर अर्धनग्न बनाइ, हिलो दल्दै सडकमा हिंडाएका थिए । डा सिके राउत केन्द्रीय अध्यक्ष रहेको जनमत पार्टीले उक्त कार्यलाई 'जनकारबाही' भनेको छ । उक्त कार्यालयमा भ्रष्टाचार भएको, भत्काइएका स्थानहरूमा ढल निकास नगरेको, सडक भत्काएर खाल्डाखुल्डी पारेको र उचित ढल व्यवस्थापन नभएकै कारण पानी जम्नुका साथै नगरस्थित सडकका विभिन्न स्थान हिलाम्य भई सर्वसाधारणको आवागमनमा समेत कठिनाइ भएको सो पार्टीले जनाएको छ । पटक–पटक ध्यानाकर्षणका साथै सचेत गराउँदा कार्यालय प्रमुखले बेवास्ता गरेको हुँदा जनकारबाई गरिएको र उक्त कारबाईमा नगरवासीको पूर्ण समर्थन रहेको उनीहरूको जिकिर छ । घटनामा सहभागी रहेको आरोपमा प्रहरीले जनमतका केही नेता, कार्यकर्तालाई पक्राउ पनि गरेको छ । जनमतको कदमलाई समर्थन गर्ने र विरोध गर्नेहरूबीच अहिले चर्काचर्की छ ।**

**जनमत पार्टीले उठाएका मुद्दा जनताको मन जित्ने खालको छ । खानेपानी तथा ढल निकासको नाम जथाभावी सडक भत्काउने अनि त्यसलाई त्यत्तिकै छाडिदिने गैरजिम्मेवारपन अन्यत्र पनि छ । भर्खरै बनाएको सडक, यात्रुले राहतको श्वास लिन नपाउँदै ढल निकासको नाममा भत्काइदिन्छ । बनेको सडक भत्काउन र खाल्डाखुल्डी एवं हिलाम्य तथा धूलाम्य पार्न अधिकारप्राप्त कार्यालयका प्रमुखहरू आफ्नो सान सम्झन्छन् । त्यसबाट सर्वसाधरणले भोग्नुपरेको क्षति र पटक–पटक तोडफोड साथै मरम्मत दोहोरिंदा हुने राज्यकोषको खतितर्फ उनीहरू संवेदनशील देखिंदैनन् । सडक हिलाम्य बनाउनेमा खानेपानी तथा ढल निकासको मुख्य हात रहेको कुरा नकार्न सकिन्न । हुनत खानेपानी तथा ढल निकास स्थानीय बासिन्दाकै सेवाका लागि हो । यसलाई आवश्यकता अनुसार व्यवस्थित गर्नै पर्छ । तर जहाँ सडक भत्काइएको हो, त्यसलाई तुरुन्तै बनाउने कार्य गरिंदैन । बनेको ठाउँ भत्काएर निकास व्यवस्थित गर्नुपर्दा त्यसलाई पुनः तन्दुरुस्त गर्ने बजेट व्यवस्था गरेर मात्रै काम अगाडि बढाउनुपर्ने सरकारी नीति छ । आकस्मिक अवस्थाका लागि पनि हरेक कार्यालयहरूमा आकस्मिक कोषको व्यवस्था गरिएको हुन्छ । यदि छैन भने बजेट व्यवस्थाका लागि सरकारसँग माग गर्नुपर्ने कार्यालय प्रमुखको दायित्व हो । ढल व्यवस्था विभागको बदमाशीको कारण वर्षात्को बेला ढलमा डुबेर पछिल्लो डेढ वर्षको अवधिमा मुलुकमा १२ जना बालबालिकाले ज्यान गुमाइसकेका छन् ।**

**जनमत पार्टीले उठान गरेको मुद्दा जायज हुँदाहुँदै पनि उसको शैली कानूनसम्मत भएन । स्वराजको लक्ष्यसहित भूमिगत युद्धमा होमिएका डा सिके राउत नेतृत्वको सङ्गठन जनमत पार्टी अब लोकतान्त्रिक व्यवस्था अन्तर्गत खुला राजनीतिक मूलधारमा छ । लोकतन्त्रमा कानून सर्वोपरि हुन्छ । चित्त नबुझेका कुरा तथा असन्तुष्टिहरू कानूनसम्मतरूपमा नै राख्नुपर्ने हुन्छ । हरेकले कानून हातमा लिन जोड गर्ने हो भने अराजकता निम्तन्छ र त्यसले मुलुकको शान्ति सुव्यवस्था एवं अमनचयनमाथि खलल पुग्छ । अतः ढल निकासको [redacted]ोली सुधार गर्न जरुरी छ ।**

# प्रवृत्ति नफेरिंदा विकृति बढेको छ

### स्वतन्त्र विचार

वैधनाथ श्रमजीवी

baidhnath2071@gmail.com

**हाम्रो समाजमा कसैले आफ्नो दोष स्वीकार गर्दैन । सबै आफ्नो दोष अरूको थाप्लोमा थोपर्छन् कि भाग्य, भगवान्को जिम्मा लगाएर आफू चोखिन्छन् । कति सजिलो । कति सजिलो छ !**

यस वर्ष मनसुन चाँडै नेपाली आकाशमा प्रवेश गऱ्यो । प्रशस्त पानी पऱ्यो । नेपाली किसान निकै हर्षित थिए । प्रमुख बाली धान निकै राम्रो हुने भयो । किसानहरू त्यही धानबाट हुने आयले आफ्नो सम्पूर्ण खर्च चलाउने गर्छन् । उनीहरूले विभिन्न वित्तीय संस्थाहरूबाट लिएका ऋण, व्द्यिालयमा छोराछोरीको पढाइबापत तिर्नुपर्ने मासिक तथा वार्षिक शुल्कहरू, घरपरिवारमा भएका दीर्घरोगीहरूको औषधि, विवाह गर्नुपर्ने छोरीहरू, विभिन्न ठाउँमा तिर्नुपर्ने सापटी रकम सबै व्यवहार त्यही धान बेचेर गर्ने गरेका छन् ।

यस वर्षको धान खेती राम्रो भएकोले सबै व्यवहार सजिलै सम्पन्न होला भन्ने सपना बुनेर दिन काटिरहेका किसानहरूको सम्पूर्ण इच्छा–आकाङ्क्षा चुरचुर हुन पुगेको छ । गएको आइतवारदेखि आएको ठूलो वर्षाले किसानहरूलाई इन्तु न चिन्तु बनाइदिएको छ । धान पाकेर ठिक्क भएको बेलामा आएको वर्षा किसानहरूको लागि काल नै बनेर आयदियो । कतिपय किसानले धान काटेर खेतमा सुक्नको लागि राखेका थिए । पानी चार दिनसम्म यति धेरै पऱ्यो कि खेत जलमग्न भए र धान खेतमैं कुहिएर बर्बाद भयो । कतिपय खेतमा धान उम्रेको अवस्था हेरेर किसानहरू छाती पिटिपिटी रुने अवस्था निम्तिएको छ ।

त्यसैगरी केराको खेतीतिर आकर्षित भएका किसानहरू पनि अहिले बर्बाद भएका छन् । पानी र त्यससँगै आएको हुरी–बतासले फल बाहिर आइसकेको केराका बोटहरू ढलेर सम्पूर्ण लगानी बर्बाद गरिदिएको छ । यस्तोमा किसानले नेपाल सरकारसँग गरेको बीमा कार्यक्रमले समेत सहयोगी भूमिका नखेलेकोमा किसानहरू चिन्तित हुन पुगेका छन् । बीमा कार्यक्रमले केवल खेती गर्दाको बेला लागेको लगानीको मात्रै क्षतिपूर्ति दिने गरेकोले बिरुवा हुर्काउनेदेखि फलेसम्मको खर्च तथा हुन गएको नोक्सानीको क्षतिपूर्ति नदिने हुँदा किसानहरू निकै मारमा परेका छन् । यस्तोमा किसानहरूको बिचल्ली भएको छ ।

चार दिने वर्षात्ले गर्दा सम्पूर्ण देशकै जनजीवन पूर्णरूपेण अस्तव्यस्त हुन पुगेको छ । दुई सयभन्दा बढी ठाउँमा आएको पहिरोले गर्दा एक सयभन्दा बढी नागरिकको ज्यान गइसकेको छ भने सयौं अझै बेपत्ता छन् । एक दर्जन जति सडक बन्द भएको छ । कैयौं परिवारको पहिरोमा परेर जीवन पनि गुमेको छ । एकातिर प्राकृतिक विपत्तिमा परेर नेपालीहरूको अपार धनजनको क्षति भएको अवस्था छ भने अर्कोतर्फ संसद् पुनर्स्थापनाको अदालती निर्णयबाट बनेको देउवा सरकारले गएको बुधवार सय दिन पूरा गरेको छ । यस एक सय दिनमा नेपाल सरकारले जनहितमा एउटा पनि कार्य गर्न सकेको छैन । बरु देशलाई एकचोटी फेरि भागबन्डाको राजनीतिमा लिएर गएको छ । देशको लागि चाहिने जनशक्ति योग्यता र क्षमताको आधारमा छनोट गर्नुपर्नेमा एकचोटी पुनः भागबन्डाको आधारमा छनोट भएका छन् । यसले गर्दा छनोट गरिएका ती व्यक्तिहरूबाट निष्पक्षता तथा देश र जनताको सेवा गर्नेभन्दा पनि ऊ जुन पार्टीबाट मनोनीत भएको छ त्यो पार्टीको हितमा अथवा इशारामा काम गर्ने भएकोले जन अपेक्षित विकास निर्माण फेरि पनि नहुने कुरामा कुनै शङ्का छैन ।

यति बेला हामी एक्काइसौं शताब्दीमा छौं । यो समय भनेको विज्ञान र प्रविधिको प्रयोग गरेर राष्ट्रको प्रत्येक क्षेत्रलाई समुन्नत बनाउनुपर्ने हो तर हामी कहाँ यसको ठीक उल्टो अवस्था रहिआएको छ । हामी अझै पनि मध्ययुगीन प्रविधिले खेतीपाती गर्दैछौं । हाम्रो शिक्षा समय अनुसार, सुहाउँदो पाठयक्रममा आधारित हुन सकेको छैन । योग्यता, क्षमता तथा सीपभन्दा पनि हाम्रो सिकाइ केवल सैद्धान्तिक रट्टुमल (कण्ठस्थ पार्ने) कै तहमा रहेको छ । फलस्वरूप हातमा स्नातकोत्तर उत्तीर्ण गरेको प्रमाणपत्र भए पनि त्यो व्यक्तिले आत्मनिर्भरता अँगाल्नुभन्दा रोजगारको लागि ढोका–ढोकामा चहारेर हिंड्नुको विकल्प छैन ।

देशमा हाल बहाल रहेको शिक्षा, स्वास्थ्य, कृषि प्रणाली, व्यापारलगायत सबै कुरा सेवाभन्दा मुनाफामुखी देखिएको छ । उपभोक्ताको हकहितसँग सरोकारवालाको कुनै अभिरुचि रहेको देखिंदैन । यी सबैको कारण हाम्रो देशमा रहेको विद्यमान भ्रष्ट राजनीति नै हो । राजनीतिको कुरा गर्दा आगामी चैत वैशाखमा स्थानीय निर्वाचन हुने भएको छ । पाँच वर्ष अगाडि स्थानीय निकायको निर्वाचनताका राजनीतिक दल तथा तिनका उम्मेदवारहरूले चुनावी घोषणापत्रमार्फत जनतासँग निकै ठूलठूला विकास निर्माणको घोषणा गरेका थिए । कसैले स्मार्टसिटी बनाउने वाचासमेत गर्न भ्याएका थिए ।

यस्तै स्मार्ट सिटी वीरगंज पनि बन्ने घोषणा गरिएको थियो । तर वास्तविकता यसको ठीक उल्टो हुन गयो । यतिबेला वीरगंज अति अव्यवस्थित, दुर्गन्धित, लामखुट्टेको बिगबिगी भएको छाडा पशुहरूले प्रत्येक दिन बजारमा विभिन्न सवारी साधनदेखि बटुवासमेतलाई दुर्घटनामा पार्ने शहरको रूपमा स्थापित भएको छ । धूलो, धूवाँ तथा हिलोले व्यग्र भएको वीरगंज महानगरपालिकामा फेरि अब जनप्रतिनिधिहरूले झूटो बोलेर मत आकर्षण गर्ने समय आएको छ । वीरगंजको सबैभन्दा ठूलो समस्या भनेको साँघुरो सडक हो । निकै लामो समयदेखि सडक विस्तारको कुरा उठे पनि हालसम्म सडक विस्तारको कुनै काम हुन सकेको छैन । बरु सडक विस्तारको हल्लासँगै सडक किनारमा भएका घर, सटरधनीहरूसँग मोटो रकम उठाउने र सडक निर्माणको कार्य जसरी पनि रोक्ने कार्यले तीव्रता पाएको देखिन्छ । तलदेखि माथिसम्म नैतिकतामा आएको स्खलनले गर्दा प्राकृतिक हिसाबले धनी भएर पनि हाम्रो सुन्दर देश नेपाल गरीबी, बेरोजगार तथा भ्रष्टाचारले कुरूप देखिएको छ ।

मानिसको पाइला मङ्गल ग्रहमा पुगिसकेको बेला हामी धामी–बोक्सीमा तन्त्रमन्त्र, भूतप्रेत, भगवान्, स्वर्ग–नर्कजस्ता काल्पनिक अन्धविश्वासमा दरोसँग खुट्टा जमाएर बसेका छौं । यसै हप्ता महोत्तरी जिल्लाको हतिसरवा गाउँमा एकजना दलित परिवारको महिलालाई बोक्सीको आरोपमा कुटपिट गरी कपाल मुण्डन गरी मलमूत्र खुवाई गाउँ परिक्रमा गरी गाउँ निकाला गरेको घटनाले आधुनिक सभ्य मानवको टाउको लाजले भुतुक्कै पारे पनि रुढिवादीहरू ठूलै काम गरेजस्तो छाती चौडा पार्दै गर्वले प्रदर्शन गरिरहेका छन् ।

हाम्रो समाजमा जतिधेरै राजनीतिक परिवर्तन भए, विचारमा हुन सकेन । सबै परिवर्तनमा व्यक्तिको परिवर्तन हुन नसक्नुले समाजमा व्याप्त भ्रष्टाचार, अनैतिकता, जातीयता, अन्धविश्वास आदि मौलाउन पायो । हाम्रो समाजमा कसैले आफ्नो दोष स्वीकार गर्दैन । सबै आफ्नो दोष अरूको थाप्लोमा थोपर्छन् कि भाग्य, भगवान्को जिम्मा लगाएर आफू चोखिन्छन् । कति सजिलो छ ! कसैमाथि बर्बर अन्याय हुँदा अत्याचारीलाई नाङ्गेझार पार्नुभन्दा उसले भोगेको दुःख वा सुख उसको पूर्वजन्मको पाप वा पुण्य भन्नु जस्तो महामूर्खता अरू के होला ?

# स्वास्थ्यकर्मीलाई कोभिड खोप उपलब्ध गराउन आग्रह

– प्रकाश सिलवाल
काठमाडौं, ५ कात्तिक/रासस

कोभिड–१९ महामारीपछि विशेष गरी विद्यालय तहका बालबालिका पूर्ववत् सिकाइ वातावरण, स्वच्छ मनोरञ्जन र अन्य सामाजिक अवसरको पूर्ण प्रयोगबाट वञ्चित हुँदै आएका छन् ।

संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ)को पछिल्लो तथ्याङ्क अनुसार विश्वव्यापीरूपमा सातमध्ये कम्तीमा एक बालबालिका बन्दाबन्दीबाट प्रत्यक्ष प्रभावित भएका छन् भने एक अर्ब ६० करोडभन्दा बढी बालबालिकाले शिक्षाको अवसर गुमाएका छन् ।

महामारीपछि अस्तव्यस्त भएको दिनचर्या, शिक्षा, मनोरञ्जनका साथै पारिवारिक आय र स्वास्थ्यको चिन्ताजस्ता बाधाले गर्दा धेरै बालबालिका तथा युवामा डर, क्रोध र भविष्यप्रति चिन्ता अनुभव भएको युनिसेफको प्रतिवेदनमा उल्लेख छ ।

नेपालमा पहिलो र दोस्रो लहरको कोरोना रोकथाम गर्न गरिएको बन्दाबन्दीले गर्दा ७४ हप्तासम्म विद्यालय पूर्ण र आंशिक बन्द भइसकेका छन्, यो विश्वका कोभिड प्रभावित मुलुकको तुलनामा बढी भएको अध्ययनले देखाएको छ ।

नियमित र प्रत्यक्ष विद्यालय सञ्चालन नहुँदा डिजिटल जोखिममा विशेषतः किशोरीहरू पर्ने गरेका छन् । कोभिड–१९ पछि किशोरी अनलाइनको दुर्व्यवहारमा परेका तथा बालविवाह, बालहिंसाका घटना बाहिरिएका छन् । एकातिर अनलाइन शिक्षामा सबै बालबालिकाको पहुँच छैन भने अर्कोतिर अनलाइनको पहुँचमा भएका बालबालिका डिजिटल लतमा फस्न पुगेका छन् । यसले



तस्वीर : फाइल/रासस

उनीहरूमा मनोसामाजिक असरसमेत पर्ने गरेको छ । यही अक्टोबर ११ मा 'डिजिटल पुस्ता, हाम्रो पुस्ता' भन्ने नाराका साथ यस वर्षको दिवस विश्वभर मनाइँदा डिजिटल जोखिममा बालिकाबारे चिन्ता जाहेर गरिएको थियो ।

त्रिविका सहप्राध्यापक डा भगवान अर्यालले कोभिड–१९ को अत्यधिक सङ्क्रमण देखिएका राष्ट्रमा समेत विद्यालय यति लामो समयसम्म बन्द नभएको बताए । सुविधाविहीन बालबालिकाको अनलाइन शिक्षामा पहुँच नभएकोले सिकाइमा नकारात्मक प्रभाव पर्नाका साथै सबै विद्यार्थीमा सिकेका कुरा धेरै दिन सम्झिन सक्ने क्षमतामा कमी भएको उनको भनाइ छ ।

संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठनले बन्दाबन्दीपछि विद्यालय खुले पनि विश्वभरि ११७ मिलियन विद्यार्थी अझै विद्यालय बाहिर रहेको विवरण सन् २०२० मा प्रकाशमा ल्याएको थियो । विवरण अनुसार नेपालमा झन्डै ९० लाख विद्यार्थीमा शैक्षिक संस्था बन्दको प्रभाव परेको थियो । यसमध्ये ११ प्रतिशत पूर्वप्राथमिक, २८ प्रतिशत प्राथमिक, ३९ प्रतिशत माध्यमिक र ५ प्रतिशत उच्च तहका विद्यार्थी थिए ।

महामारीले नेपालका विद्यालय तहका ७४ लाख विद्यार्थीको सिकाइ सम्बन्धमा तत्कालीन जोखिम सिर्जना गरेको मानिएको छ । यसबाहेक लामो समयसम्म विद्यालय बन्द रहने, गतिशीलता बन्देज हुने र घरमैं सीमित हुने भएकाले विद्यार्थीको स्वास्थ्यका साथै परिवार तथा समुदायलाई पनि थप तनाव भई

(बाँकी पाँचौं पातामा)

[redacted]र्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष-३५ | २०७८ कात्तिक ०६ गते शनिवार | 2021 October 23 Saturday


# कात्तिक स्नान : सामाजिक दृष्टिकोण

स्वान्तः सुखाय



सञ्जय मित्र
mitrasanjay41@gmail.com

**अझै पनि ग्रामीण मान्यता के छ भने सम्भव भएसम्म नदीमा स्नान गर्नुपर्छ। यो कात्तिक स्नानको सन्दर्भ हो। यदि स्नान बिहान झिसमिसेमैं गर्नुछ भने घरबाट नदी वा खोलासम्म हिंडेर जानु हो। र त्यो भनेको बिहानको हिंडाइ पूरा हुनु पनि हो।**

कोजाग्रत पूर्णिमाको दिनदेखि कात्तिक पूर्णिमासम्म हरेक दिन गरिने स्नान कात्तिक-स्नान हो। कात्तिक स्नान एकाबिहानै गरिन्छ। परम्परागत मान्यता अनुसार कात्तिक स्नान अन्य महीनाको स्नानभन्दा भिन्न हुन्छ। यो स्नान झलमल्ल उज्यालो हुनुभन्दा पहिले नै गरिसक्नुपर्दछ। महीनाभर यसै समयमा गर्नुपर्दछ। कात्तिक महीनामा एकाबिहानै गरिने स्नान नै कात्तिक-स्नान हो।

कात्तिक स्नान संस्कृतिको रूपमा रहेको छ। अझै पनि ग्रामीण तथा काँठ समाजमा यसको धेरै महत्त्व धेरै छ। हुनत यसको महत्त्व शहरी नागरिकलाई पनि हो तर ग्रामीण तथा काँठका बासिन्दाले यसको महत्त्व अझै पनि बुझिरहेका छन् र धेरै हदसम्म कात्तिक स्नान गरिरहेका पनि छन्।

कात्तिक स्नान मुख्यतया नदीमा गर्नुपर्दछ भन्ने परम्परागत मान्यता रहेको छ। नदीमा नै गरिनुपर्दछ भन्ने होइन। जसरी कतिपय मान्यता युगानुकूल परिवर्तन हुँदै आएका छन्, कात्तिक स्नानमा पनि यो परिवर्तन लागू भएको स्पष्ट देखिन्छ। हेर्दाहेर्दै पहिले नदीमैं गर्नुपर्ने स्नान विस्तारै कलधारा तथा अब पानीधारामा पनि हुन थालेको छ। कात्तिक स्नान गर्नेहरूले सामाजिक स्वीकृति दिएका छन्। अब नदीमैं गर्नुपर्छ भन्ने जरूरी छैन। परम्परा अनुसार भने समूहमा नदी पुगेर कात्तिक स्नान गर्नुपर्दछ। अब घरमा एक्लै हरेक बिहान नुहाए पुग्छ। तर समाजमा अहिले पनि मान्यता छ कि सूर्योदयपूर्व नै नुहाउनु पर्छ। सूर्योदयपश्चात् गरिने स्नान कात्तिक स्नान होइन। यदि कोही नियमितरूपमा बिहान झिसमिसेमा नुहाउँछ र एक दिन कुनै कारणले सूर्योदय भयो भने उनले थालेको कात्तिक-स्नान भङ्ग हुन्छ। अब गर्दा पनि हुन्छ र न गर्दा पनि हुन्छ।

यसरी कात्तिक-स्नान भङ्ग हुने कुरो आस्थासित जोडिएको देखिन्छ। आस्था भनेको धर्म पनि हो। धार्मिक मान्यतामा कात्तिक-स्नान एउटा व्रत हो। यसबाट पुण्य प्राप्ति हुन्छ। र पुण्य प्राप्तिका लागि धेरै मानिसले अझै पनि कात्तिक स्नान नियम र विधिपूर्वक गर्दछन्।

तर स्नानप्रतिको दृष्टिकोण र कम्तीमा बिहान झिसमिसेमा नदी पुगेर स्नान गर्नुपर्ने सामाजिक परम्परागत मान्यतालाई हेर्ने हो भने यसभित्र ठूलो रहस्य रहेको देखिन्छ। मानव जीवनको मुख्य उद्देश्य धर्म, अर्थ, काम र मोक्षसित यसको सम्बन्ध रहेको बुझ्न सकिन्छ।

कात्तिक-स्नानको समाजमा धार्मिक महत्त्व पनि रहेको छ। विशेषतः मानिसले धर्म वा पुण्य प्राप्तिका लागि कात्तिक स्नान गर्दछन्। एकाबिहानै नुहाउने र विभिन्न देवदेवीको पूजा गर्ने गर्दछन्। उसै पनि समाजमा के मान्यता रहेको छ भने नागपञ्चमीको दिनदेखि अनेक व्रत शुरू हुन्छ र कात्तिकको छठसँगै समाप्त हुन्छ। कात्तिक स्नान यही अन्तिम महीनाको स्नान हो। यस महीनामा तराई मधेसका दुई ठूला पर्वहरू दीपावली र छठ मनाइन्छ। उसै पनि जुन परिवारमा छठ पबनी हुन्छ, त्यस परिवारका अधिकांश सदस्यले माछामासु खाँदैनन् वा घरमा माछामासु लैजाँदैनन्। कात्तिक स्नान गर्नेले पनि माछामासु खाँदैनन्। यसरी धार्मिक महत्त्वसित यसको सम्बन्ध स्थापित हुन पुग्दछ। साथै कात्तिक महीनाभरि शाकाहारी भोजन गर्नुको अर्थ यो पनि हो कि सात्त्विक भोजनबाट पहिले मानिस कसरी जीवन निर्वाह गर्दथे, त्यसको व्यावहारिक अनुभूति गर्नु। सात्त्विक जीवनको आनन्द लिनु पनि यसको विशिष्ट पाटो भएको देखिन्छ।

माछामासु तुलनात्मकरूपमा महँगो हुन्छ। एक महीनासम्म कात्तिक-स्नान गर्नेले माछामासु नखाँदा थोरै भए पनि आर्थिक बचत हुन्छ। यसले सोझो आर्थिक सम्बन्ध राख्दछ। अझ यसलाई सामाजिक दृष्टिकोणले विचार गर्ने हो भने फरक विश्लेषण हुन्छ। मान्यता रहेको छ कि कात्तिक-स्नान झिसमिसे अँध्यारोमैं सिध्याइसक्नुपर्छ। यसको अर्थ यो पनि हो कि हरेक दिन गरिने सामान्य दैनिकीदेखि स्नान पूजा सबै झिसमिसे अँध्यारोमैं अर्थात् धरतीमा राम्ररी उज्यालो आउनुभन्दा पहिले नै सिध्याउनु भनेको सम्पूर्णरूपले कामको लागि आफूलाई तयार पार्नु हो। सम्पूर्ण अल्छीपनामाथि विजय प्राप्त गर्नु हो। स्नान गरेपछि सुत्नुहुँदैन भन्ने मान्यता छँदैछ। यसको अर्थ हो कि स्नान गरेपछि जसलाई जे काम गर्नुछ त्यसको लागि समय पर्याप्त हुन्छ। यदि दिनभर काम गर्ने पर्याप्त समय हुन्छ भने काममा सफलता प्राप्त हुन्छ। पर्याप्त समयभर काम गर्दा प्रतिफल राम्रो हुन्छ। यदि आफ्नो परिश्रम आयसित सम्बन्धित छ भने बढी आर्थिक लाभ लिन सकिन्छ।



तस्वीरः फाइल

पवित्र नदीमा कात्तिक स्वानपछि पूजा आराधना गर्दै भक्तजन।

यदि स्वास्थ्यलाई पनि जोडेर हेर्ने हो भने हरेक दिन नुहाउनु स्वास्थ्यको दृष्टिकोणले निकै उचित मानिन्छ। उसै पनि सूर्यको उज्यालोले धरती स्पर्श गर्नुभन्दा पहिले मानिस उठ्नु आधुनिक विज्ञान तथा परम्परागत शास्त्र सबैले स्वीकार गरेको कुरो हो। झिसमिसे अँध्यारोमैं स्नान पूजा सिध्याउनुको अर्थ हो समयमा सुत्ने र समयमा उठ्ने काम भइरहेको छ। छिटो सुत्ने र छिटो उठ्ने गर्नुको अर्थ हो अल्छी नहुनु।

सामान्यतया कात्तिक महीनादेखि जाडो शुरू हुन थाल्छ। बिस्तारै दिनको अवधि सानो र रातको अवधि ठूलो हुँदै जान्छ। दिन र रातको अवधि ठूलो हुँदै जाँदा र जाडोले अल्छी थप्दै लैजाँदा बिहान अबेरसम्म सुत्न मन लाग्छ। हरेक दिन कुनै निश्चित वा गर्नैपर्ने काम छैन भने मानिसलाई बिहान उठ्न अल्छी लाग्ने हुन्छ। यस अवस्थामा हरेक बिहान झिसमिसेमैं नुहाउनैपर्ने तालिका बनाउँदा अल्छी नलाग्ने र अबेरसम्म सुत्न ध्यान जाँदैन। बिहानको स्वच्छ हावामा सक्रिय सास लिन पाइन्छ।

अझै पनि ग्रामीण मान्यता के छ भने सम्भव भएसम्म नदीमा स्नान गर्नुपर्छ। यो कात्तिक स्नानको सन्दर्भ हो। यदि स्नान बिहान झिसमिसेमैं गर्नुछ भने घरबाट नदी वा खोलासम्म हिंडेर जानु हो। र त्यो भनेको बिहानको हिंडाइ पूरा हुनु पनि हो। बिहानको स्वच्छ हावामा हिंडाइ पूरा गर्न पनि कतिपय मानिस कात्तिक-स्नान खोलामैं गएर गर्दछन्। कात्तिक महीनामा खोला वा नदी सफा पनि हुन्छ। अझ बिहानको पानी फोहोर पनि हुँदैन। नदीसित हाम्रो सभ्यता र संस्कृति जोडिएको छ भन्ने कुराको प्रमाण पनि हुन जान्छ। पहिलेपहिले मानिस कसरी एकाबिहानै दैनिक कर्मबाट निवृत्त हुन्थे भन्ने व्यावहारिक उदाहरण आफैं बनेर भोगाइबाट अनुभव प्राप्त गर्दछन्।

कात्तिक-स्नानको चलनको पछाडि हाम्रो संस्कृतिले विभिन्न उद्देश्य राखेको देखिन्छ। यसरी विभिन्न उद्देश्य पूरा गर्न धार्मिक जामा पहिराइएको पनि हुन सक्छ। धार्मिक उद्देश्य प्राप्त गर्न धार्मिक कर्मसित कात्तिक-स्नानलाई जोड्नु पनि अत्यन्त स्वाभाविक हो।

**वृत्तं यत्नेन संरक्षेद् वित्तमायाति याति च।**
**अक्षीणो वित्ततः क्षीणो वृत्ततस्तु हतो हतः॥**
**अर्थात्- आफ्नो चरित्रलाई यत्नपूर्वक रक्षा गर्नुपर्छ। धन आउँछ, जान्छ। धन नष्ट भए पनि केही नष्ट हुँदैन तर चरित्र नष्ट भएपछि व्यक्ति पूर्णरूपेण नष्ट हुन्छ। - महाभारत उद्योगपर्व**

# सुरक्षा निकायमा नगण्य मधेसी महिला

सरोकार



राजेश मिश्र
rajesh560107@gmail.com

**चिकित्सा, इन्जिनीयरिङ र बैंकिङ क्षेत्र आदिको पढाइदेखि लोकसेवाको प्रतिस्पर्धासम्म आकर्षण बढ्नु अत्यन्तै सुखद पक्ष हो। यद्यपि सुरक्षा निकायमा मधेसी महिलाहरूको आकर्षण वृद्धि गर्नेतर्फ राजनीतिक र सामाजिक भूमिका अपरिहार्य छ।**

सुरक्षा निकाय देशको मेरुदण्ड हो। राष्ट्रिय सुरक्षा, उन्नति र प्रगतिका साथै नागरिकको अमनचैनको सवालमा सुरक्षा निकायको अहम् भूमिका हुन्छ। रातिको समय नागरिक सुतिहरेको बेला सुरक्षा निकाय ड्युटीमा खटेको हुन्छ। नागरिक विना सुरक्षा निकाय तथा सुरक्षा निकाय विना नागरिकको कल्पना गर्न सकिन्न। सुरक्षा निकायको भूमिकामा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान विभाग आदि छन्। अनिवार्य अवकाश भई खाली हुने दरबन्दीमा नयाँ भर्ना गर्ने चक्र निरन्तर चलिरहन्छ। यसरी सुरक्षा निकायको कायम दरबन्दी अनुसारको सङ्ख्या सदा एक समान रहन्छ। विभिन्न पदको प्रतिस्पर्धामा प्रत्येक वर्ष युवाहरू सहभागी हुन्छन्। छनोट हुन्छन्। तालिम लिन्छन्। सुरक्षा निकायको अङ्ग बन्छन् र पद अनुसारको कर्तव्यमा बहाल हुन्छन्।

नयाँ भर्नाका लागि हुने प्रतिस्पर्धामा मधेसी महिलाहरूको सहभागिता उत्साहजनक पाइँदैन। उदाहरणको लागि सशस्त्र प्रहरी बल, नेपालको पत्र सङ्ख्या (०७७-०७८)/मानव स्रोत निर्देशनालय/भर्ना तथा छनोट शाखाको चलानी नं २१९ मिति २०७८/०१/०७ गते प्रकाशित सशस्त्र प्रहरी जवान पदको अन्तिम नतीजामा मधेसी महिलाहरूको उपस्थिति देखिंदैन। नेपाली सेनामा माग भएको सङ्ख्या अनुसार आवेदन नै पर्दैन। नगण्य सङ्ख्यामा नेपाल प्रहरीमा उपस्थिति पाइन्छ। यस्तो पनि होइन कि मधेसी महिलाको सङ्ख्या कम छ। उदाहरणको लागि राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार प्रदेश २ मा १५ देखि २४ वर्ष उमेर समूहका महिलाहरूको सङ्ख्या ४,१०,७७६ (नेपालको अन्य प्रदेश बाहेक) रहेको छ। प्रदेश २ मधेसीबहुल प्रदेश भएकोले यो सङ्ख्यामा यदि ७५ प्रतिशतलाई पनि मधेसी महिलाको जनसङ्ख्या मान्ने हो भने ३,०८,०८२ हुन्छ। पछिल्लो समय भइरहेको राष्ट्रिय जनगणना २०७८ मा मधेसी युवतीहरूको सङ्ख्या दोब्बर हुन सक्ने आकलन गरिंदैछ। विसं २०५४ देखि २०६३ को बीचमा जन्मेका महिलाहरू राष्ट्रिय जनगणना २०७८ का लागि १५ देखि २४ वर्ष उमेर समूहमा दर्ज हुनेछन्।

पहिलो, सुरक्षा निकायहरूमा अपवाद बाहेक मधेसी महिलाहरूको आकर्षण नहुनुको कारण के हो? दोस्रो, आकर्षित भएका न्यून सङ्ख्याका मधेसी र दलित महिलाहरू परीक्षाको अन्तिम चरणसम्म किन पुग्दैनन्? यी कुरामा विचार गर्नु जरूरी छ। प्रतिस्पर्धा गरी सुरक्षा निकायमा जाने मानोकाङ्क्षा धेरै मधेसी युवतीको हुन सक्छ। सामाजिक परिबन्द, लोकलाज र आर्थिक समस्या आदि धेरै कुराले मधेसी महिलाहरूको मनोकाङ्क्षा प्रभावित छ।

उहिले मधेसी समाजमा महिलाहरूको दिनचर्या घरभित्र सीमित थियो। घरभित्र पनि ठूलाबडाको अगाडि बस्ने, बोल्ने र खाने आदि छुट थिएन। यस्तो अवस्थामा घर बाहिर जानु वा परपुरुषसँग कुरा गर्ने कुरै भएन। महिलाहरूलाई घर र घुम्टोको सीमा त छँदै थियो, महिलाप्रति पुरुषहरूको शशङ्कित मनोभावनाका कारण महिलाहरूको इच्छा र आकाङ्क्षा स्वतन्त्र थिएन। गाडीको दुई पाङ्ग्राझैं पुरुषले पैसा कमाउने र महिलाले चुलोचौका गर्ने नियम थियो। महिलाले माइती वा ससुराल (पतिको घर) जानु पर्दा पनि पुरुष अभिभावकत्व नै चाहिन्थ्यो। चार-पाँच दशक अघिकै कुरा गर्ने हो भने विद्यालयमा छात्राहरूको उपस्थिति शून्यप्रायः थियो। समयको गतिसँगै शिक्षालयहरूमा छोरीहरूको उपस्थिति बढ्दै गयो। केही वर्ष अघिसम्म शिक्षण सेवातर्फ उन्मुख मधेसी महिलाहरूको सहभागिता विस्तार हुन थालेको छ। आजको परिवर्तनशील संसारमा मधेसी महिलाहरू पनि हिंड्ने प्रयास गरिरहेका छन्। चिकित्सा, इन्जिनीयरिङ र बैंकिङ क्षेत्र आदिको पढाइदेखि लोकसेवाको प्रतिस्पर्धासम्म आकर्षण बढ्नु अत्यन्तै सुखद पक्ष हो। यद्यपि सुरक्षा निकायमा मधेसी महिलाहरूको आकर्षण वृद्धि गर्नेतर्फ राजनीतिक र सामाजिक भूमिका अपरिहार्य छ।

आजको महँगो शिक्षा, आर्थिक अवस्था कमजोर भएको, नागरिकको क्षमता बाहिर छ। यद्यपि आर्थिकरूपले विपन्न परिवारले स्थानीयस्तरमा उपलब्ध कक्षागत तहसम्म छोरीहरूलाई पढाइरहेका छन्। सुरक्षा निकायमा प्रतिस्पर्धा गर्न छोरीहरू सक्षम छन्। तर फर्म भर्नेदेखि परीक्षाका सबै चरण टाढा पर्ने हुँदा मधेसी महिलाहरूको पहुँच नभएको हुन सक्छ। कतिपयलाई आर्थिक समस्या पनि बाधक छ। मधेसी महिलाहरूको सहभागिता कसरी बढ्छ भन्ने कुरातर्फ सामाजिक बहस हुन जरूरी छ। महिला, मधेसी, अपाङ्ग, दलित, जनजाति र अल्पसङ्ख्यक समुदायको लागि विभिन्न सरकारी सेवामध्ये सुरक्षा निकायमा समेत आरक्षण छ। सक्षम र योग्य प्रतिस्पर्धी धेरै हुन सक्छन्। तर उनीहरूको आर्थिक क्षमता कमजोर भएकै कारण न टाढाको यात्रा गर्न सक्छन्, न फर्म भर्न सक्छन्। यातायात, होटल, खाना खर्च आदि जुटाउन नसकेर प्रतिस्पर्धाबाट वञ्चित हुने अवस्था विद्यमान छ। जनताको प्रतिनिधित्व गर्नको लागि तीनै तहको सत्तामा दर्जनौं राजनीतिक दलका हजारौं जनप्रतिनिधि छन्। मधेसी महिलाहरूको सहभागिताको सवालमा राजनीतिक मानसिकता अभिवृद्धि हुनु आवश्यक छ।

उहिले प्रहरी निरीक्षक तथा प्रहरी सहायक निरीक्षक पदको नयाँ भर्नाका सबै प्रक्रिया काठमाडौंसम्म सीमित थियो। काठमाडौं जाँदा बस भाडा, होटलको बसाइ र खानाको पैसाको अभावमा दूरदराजको अधिकांश युवाशक्ति प्रतिस्पर्धाबाट बञ्चित हुन्थ्यो। त्यसपछि फर्म भर्ने सुविधा अञ्चल प्रहरी कार्यालयहरूमा भयो। यति मात्र होइन, परीक्षाका चरणहरू अधिकांशतः काठमाडौंभन्दा पायकपर्दो ठाउँमा भयो। जस्तै तत्कालीन नारायणी अञ्चल प्रहरी कार्यालय, वीरगंमा फर्म भरेका युवतीका लागि परीक्षा केन्द्र प्रहरी तालिम केन्द्र, भरतपुर थियो। दूरदराजका प्रतिस्पर्धीहरूलाई काठमाडौं जाने बाध्यता हट्यो। आफूलाई पायक पर्ने स्थानमा युवक-युवती फर्म भर्थे।

अहिले प्रदेश २ का लागि प्रदेश प्रहरी कार्यालय जनकपुरमैं छ। तर अहिले विज्ञापन भएको प्रहरी सहायक निरीक्षक पदका लागि फर्म भर्नेदेखि परीक्षाका विभिन्न चरणका लागि सम्पर्क कार्यालय राजविराज तोकिएको छ। वीरगंजदेखि प्रहरी तालिम केन्द्र (जनकपुर) सम्पर्क कार्यालय राजविराजको दूरी झन्डै २३० किमि, वाग्मती प्रदेश प्रहरी तालिम केन्द्र, सिन्धुली जिल्लाको दुधौली १८० किमि, लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र, बुटवल २४५ किमि पर्छ। यसको अलावा गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र, पोखरा २५५ किमि, कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र (सुर्खेत) हाल नेपालगंज, बाँके ५०० किमि, सुदूरपश्चिम प्रदेश प्रहरी तालिम केन्द्र, दिपायल, डोटी ८०० किमि पर्छ भने महानगरीय प्रहरी शिक्षालय, महारागगंज, काठमाडौं २८० किमि पर्छ। अपवादबाहेक मधेसी महिला, दलित तथा आर्थिकरूपले विपन्न आकाङ्क्षीहरूका लागि लामो दूरी तय गर्नु र पटक-पटक परीक्षाका लागि टाढा जानु ढुङ्गाको चिउरा चपाउनुभन्दा कम छैन।

यही सेरोफेरोमा आधारित जिज्ञासामा व्यक्त गरिएका केही विचार प्रस्तुत छ :-

**दानबहादुर राना (अध्यक्ष, पूर्व प्रहरी सङ्गठन, पर्सा)**



दानबहादुर राना

म जनपद प्रहरीमा सेवा गरेर प्रहरी निरीक्षक पदबाट सेवानिवृत्त भई हाल पूर्व प्रहरी सङ्गठन, पर्साको अध्यक्ष पदमा छु। तपाईंले राम्रो प्रसङ्ग उठाउनुभएको छ। वास्तवमा मधेसी महिलाहरूको उपस्थिति सुरक्षा निकायमा अति न्यून छ। यसको प्रमुख कारणमध्ये एउटा सामाजिक वातावरण पनि हो। मलाई लाग्छ, मधेसी महिलाहरूको उत्साहपूर्ण सहभागिताका लागि सबैभन्दा पहिले उनीहरूको क्षमता विकासमा ध्यान दिनुपर्छ। सुरक्षा निकायका लागि शैक्षिक, शारीरिक र मानसिक स्वास्थ्य सबल हुनुपर्छ। अभिभावकदेखि समाजको हरेक वर्ग सकारात्मक हुनुपर्छ। हामी पूर्व प्रहरीहरू पनि सामाजिक सरोकारका विषयमा योगदान गर्न तत्पर छौं। हामीले आफ्नो अनुभव प्रदान गर्न सक्छौं। हौसला वृद्धि गर्न सक्छौं। मधेसी महिलाहरूका उत्थानका निम्ति हामी काम लाग्न सक्यौं भने आफूलाई भाग्यमानी ठान्नेछौं। समाजले आवश्यक पहल गरेको खण्डमा हामी महिलाहरूको उत्साह वृद्धिका लागि समय दिन सक्छौं।

(बाँकी चौथो पातामा)

वीर घटोत्कचको प्रहारबाट अलम्बुषका जम्मै अङ्ग भाँचियो तथा उसको हाड चूर्ण भयो । यस प्रकार महाबली अलम्बुषलाई मरेको देखेर पाण्डवहरू हर्षातिरेकले सिंहनाद गर्न थाले तथा तपाईंको सेनामा हाहाकार मच्चियो।

धृतराष्ट्रले भने–सञ्जय, अब मलाई तिमीले यो वत्तान्त ठीक–ठीक सुनाऊ । सङ्ग्राममा द्रोणाचार्यजीलाई सात्यकिले कसरी रोकेका थिए ?

सञ्जयले भने–राजन्, आचार्यले महापराक्रमी सात्यकि हाम्रो सेनाको संहार गरिरहेको हेरेर सात्यकिको सामु आई डटे। उनलाइ अकस्मात् आफूसामु आएको हेरेर सात्यकिले उनीमाथि पचासवटा वाण हाने । अनि आचार्यले बडो फूर्तिको साथ पाँचवटा वाण हाने । ती वाणहरू सात्यकिको कवच फोरेर पृथ्वीमाथि खस्न पुग्यो । यसबाट कुपित भएर सात्यकिले द्रोणमाथि पचासवटा वाण हानेर उनलाई घाइते पारिदिए । आचार्यले पनि अनेकौं वाण हानेर सात्यकिलाई व्यथित पारे । यति बेला सात्यकि आचार्यको वाण प्रहारबाट व्याकुल भई आफ्नो कर्तव्य पनि बिर्सन पुगे । उनको अनुहार विदिर्ण हुन पुग्यो । यो हेरेर तपाईंका पुत्र तथा सैनिकहरू प्रसन्न भएर बारम्बार सिंहनाद गर्न थाले। उनीहरूको भीषण नाद सुनी तथा सात्यकिलाई सङ्कटमा परेको देखेर राजा युधिष्ठिरले धृष्टद्युम्नसित भने–– द्रुपदपुत्र, तिमी भीमसेन आदि वीरहरूलाई साथमा लिएर सात्यकिको रथतिर जाऊ। तिम्रो पछाडि म पनि सबै सैनिक लिएर आउँदैछु। यति बेला सात्यकिको उपेक्षा गर्नुहुन्न, ऊ कालको गाल परिसकेको छ।

यति भनेर राजा युधिष्ठिर सात्यकिको रक्षा गर्न सम्पूर्ण सेना लिई द्रोणाचार्यमाथि जाइ लागे तर आचार्य आफ्नो वाणवर्षाबाट ती सबै महारथिहरूलाई पीडित पार्न थाले। त्यति बेला पाण्डव र सृञ्जय वीरहरूलाई कोही पनि आफ्ना रक्षक भेटिरहेको थिएन । द्रोणाचार्यले पाञ्चाल र पाण्डव सेनाका

# द्रोण पर्व–५०


प्रधान–प्रधान वीरहरूको संहार गर्दै थिए। उनले सयौं, हजारौं पाञ्चाल, सृञ्जय,



महाभारतबाट सङ्कलन तथा अनुवाद

उमाशङ्कर द्विवेदी

मत्स्य र कैकय वीरहरूलाइ परास्त गरे। उनको वाणबाट व्यथित योद्धाहरूले बडो



आर्तनाद गरिरहेका थिए । त्यति बेला देउता, गन्धर्व र पितृहरूको मुखबाट यस्ता शब्द निस्करहेका थिए–हेर, हेर, यी पाञ्चाल र पाण्डव महारथिहरू आफ्ना सैनिकसहित भागिरहेका छन् ।

जति बेला यी वीरहरूको भीषण संहार भइरहेको थियो, त्यसै बेला राजा युधिष्ठिरको कानमा पाञ्चजन्य शङ्खको ध्वनि पऱ्यो। यसबाट उनी उदास भएर विचार गर्न थाले–जुन प्रकार यो पाञ्चजन्य शङ्खको ध्वनि भइरहेको छ र कौरवहरू हर्षित भएर बारम्बार कोलाहल गरिरहेका छन्, यसबाट के लाग्दछ कि अर्जुनमाथि कुनै आपत्ति आइपरेको छ । मनमा यस्तो विचार आएपछि उनको हृदय व्याकुल हुन पुग्यो र उनले गद्गद् कण्ठले सात्यकिसित भने– शिनिपुत्र, पूर्वकालमा सत्पुरुषहरूले सङ्कटको समय मित्रको जुन धर्म निश्चित गरेका छन्, यति बेला त्यो देखाउने अवसर आइपरेको छ । म सबै योद्धाहरूतिर हेरेर विचार गर्दा तिमी बाहेक बढी मलाई आफ्नो अर्को कोही हित देखिइरहेको छैन र मेरो विचारमा सङ्कटको यस समयमा त्यसैको आश्रय लिनुपर्दछ । तिमी श्रीकृष्णको समान पराक्रमी छौ र उनीझैं पाण्डवहरूको आश्रय पनि हौ । अतः म तिमीलाई एउटा भार दिन चाहन्छु, तिमी त्यो ग्रहण गर। यति बेला तिम्रा बन्धु, सखा र गुरु अर्जुनमाथि सङ्कट आइपरेको छ, तिमी सङ्ग्राम भूमिमा गएर उनको रक्षा गर। जो पुरुष आफ्नो मित्रका लागि युद्ध गर्दा गर्दै प्राण त्याग गर्दछ र जसले ब्राह्मणहरूलाइ पृथ्वी दान गर्दछ, ती दुवै समान हुन्छन्। मेरो दृष्टिमा मित्रलाई अभयदान दिने एक त श्रीकृष्ण छन्, अर्को तिमी छौ । हेर, एक पराक्रमी वीर विजयश्रीको आशाले सङ्ग्राममा जब जुझ्न थाल्छ त्यति बेला कुनै वीर पुरुषले नै उसको सहायता गर्न सक्दछ, अन्य साधारण पुरुषले सक्दैन ।

अतः यस्तो भीषण युद्धमा अर्जुनको रक्षा गर्ने तिमी बाहेक अर्को कोही छैन। अर्जुनले पनि तिम्रो सयौं कर्महरूको प्रशंसा गर्दै कैयन चोटि भनेका थिए–सात्यकि मेरा मित्र र शिष्य हुन्। म उसलाई प्रिय छु र ऊ मलाइ प्यारो छ। मेरो साथमा रहेर उसले नै कौरवहरूको संहार गर्नेछ। उसको समान मेरो अर्को कोही पनि सहायक हुन सक्दैन। जति बेला तीर्थाटन गर्दै म द्वारिका पुगेको थिएँ, त्यति बेला पनि मैले अर्जुनप्रति तिम्रो अद्भुत भक्तिभाव देखेको थिएँ । यति बेला द्रोणाचार्यबाट कवच बाँधन लगाएर दुर्योधन अर्जुनतिर गएको छ। अन्य अरू पनि कैयन महारथि त्यहाँ पहिले नै पुगिसकेका छन् । त्यसैले तिमी पनि तत्कालै त्यहाँ जानुपर्दछ । भीमसेन र हामीहरू सैनिकसहित तम्तयार छौं । द्रोणाचार्यले यदि तिम्रो पिछा गरे भने हामी उनलाइ यही रोकिराख्नेछौं। क्रमशः

# बेटी पढाऊ ! कमिशन खाऊ ?

बेटी अर्थात् छोरीलाई पढाउनु अति उत्तम काम हो। यौटा पुरानो भनाइ छ– छोराले पढ्यो भने उसलाई मात्रै काम तर छोरीले पढी भने सिङ्गो परिवार शिक्षित हुन सक्छ। छोरी शिक्षित भई भने पूरा परिवार लाभान्वित हुन्छ।

हो त नि, छोरीलाई पनि छोरासरह माया गर्नु, शिक्षित बनाउनु राम्रो हो। यसमा रौं बराबर शङ्का गर्ने ठाउँ छैन। तर... ! तर छोरीको नाउँमा ठगैती गर्नु राम्रो त हैन।

तर यी भए आदर्शका कुरा। हाम्रो अलिकति पहिलेको समाजमा छोरीलाई जवान हुनुभन्दा पहिले नै बिहे गरेर धपाइदिने चलन थियो । जसलाई बालविवाह भनिन्छ। हाम्रो हिन्दू धर्मले त झन् उपधै्र गरिदियो। कन्या रजस्वला हुनु अगावै मातापिताले बिहे गरिदिए भने मातापिता ठूलो पुण्यका भागी हुन्छन् रे ! तर... ! फेरि ‘तर’ ले माऱ्यो है ! तर मोरको दूधमा स्वाद कहाँ पाउनु र ?

भारतवर्षमा भनिन्छ; विदेशी आक्रमणकर्ताहरूको कुदृष्टिबाट बचाउन कन्याको बिहे चाँडै गरिदिने चलन हिन्दूमा चल्यो । बालविवाहको थालनी त्यस बेलाको बाध्यता थियो।

तर समयले कोल्टे फेऱ्यो। अब त्यो पुरानो सोच क्रमशः घट्दै छ। केटीहरू अब केटासरह हरेक काममा बराबरी गर्दैछन् । कतिपय क्षेत्रमा त केटाभन्दा केटीहरू श्रेष्ठ साबित भएका छन्। हारेका



कुरोको चुरो

मुकुन्द आचार्य

केटा, केटी भेषमा देखिन्छन्।

हालसाल बेटीलाई पढाउने निहुँमा हाम्रो प्रदेश नम्बर २ मा ठूलो आर्थिक अपचलन भएको कुरो निकै चर्चित भा’छ। नेपालमा भ्रष्टाचार हुनु कुन ठूलो कुरा हो र ?

भ्रष्टाचार गर्नलाई पनि मुटु चाहिन्छ, मुटु । लरतरो मान्छेले भ्रष्टाचार गर्नै सक्दैन । पहिले नै उसको मुटु काम्न थाल्छ । नौ नाडी गल्न थाल्छन् । मुख सुक्न थाल्छ । हाम्रो देश सर्वश्रेष्ठ भ्रष्टाचारी देश हो भनेर कुनै नामी अन्तर्राष्ट्रिय पत्रिकाले प्रत्येक वर्ष छाप्ने गर्छ । यसरी भए पनि विश्वको मानचित्रमा नेपालको पहिचान त कायम रह्यो नि ! नहुनुभन्दा कानो मामा निको, यसैलाई भनिन्छ।

धेरै वर्ष अघि वीर गोर्खालीको देश भनेर सबैले नेपाललाई चिन्थे । पछि–पछि विश्वको एकमात्र हिन्दू राष्ट्र भनेर चिन्न थाले । अचेल हाम्रो प्यारो नेपाललाई, सुन्दर–शान्त नेपाललाई सर्वोच्च भ्रष्टाचारी देश भनेर चिन्न थालेका छन् । यो सब समयको खेल हो।

यसमा कसैलाई दोष दिने ठाउँ नै छैन। हामी सबै नेपाली मौका पाउनासाथ भ्रष्ट भइहाल्छौं । हजारौं ‘बेटी’लाई पढाइमा सहयोग होस् भनेर लाखौं साइकल किन्दा करोडौंको भ्रष्टाचार हुनु मामूली कुरा हो। उखानै छ, मह काट्नेले हात चाट्छ।

ठूला धनी भनाउँदा देशमा त ठूल्ठूला भ्रष्टाचार भइरहन्छन् भन्ने हाम्रो सानो गरीब देशमा करोडौंको भ्रष्टाचार हुनु, कुन ठूलो कुरो भो’त ! गरीब देशले भ्रष्टाचार गरेर भए पनि नेपाल भन्ने यौटा देश यो विश्वमा छ है भनेर प्रमाणित गरिराखेको त छ । जसरी भए पनि देशको नाउँ चर्चामा आउनुपर्छ।

सुख्यात, प्रख्यात, विख्यात हुन नसके पनि कुख्यात हुन पनि नपाउने त ? कसैगरी पनि हामी चर्चामा त आयौं । यसमा सन्तोष मान्नुपर्छ। यौटा प्रसिद्ध उखान छ– ‘कवन अभागा के राम (दाम) ना भावे ?’ अर्थात् रुपियाँ कसलाई मन पर्दैन र ? अलिकति कमिशन खाँदैमा यत्रो हल्ला गर्ने बेकूफहरू !!

# लभ इन वीरगंज



धारावाहिक नाटक

समीर पाखिन

सुशीला : परैहरूलाई नपुग्दो के छ ?

इमानसिंह : अँ उनीहरूको कुरा गरेर हुन्छ ? उनीहरू त ताजा फलफूलका जुस पिउँछन् । हामीजस्तो विषादि हालेको तरकारीसित एक राश भात हसुर्छन् र ?

०००

समय : बेलुकी पख । स्थान : अङ्कितको अर्को साथी पप्पुको निवास ।

अङ्कित पप्पुको घर पुग्दा उसका पिताजी बाहिर घाम तापिरहेका हुन्छन्। अङ्कितले पप्पुको पिताजीको पाउ स्पर्श गर्छ ।

पप्पु : अङ्कित, कति कामले आइस् ?

अङ्कितले पप्पुलाई समातेर केही वर ल्याएर साङ्केतिक भाषामा सबैकुरा बताउँछ ।

पप्पु : बाइक त छ तर कन्डिशन ठीक छैन ।

अङ्कित : के समस्या छ ?

पप्पु : अरू त खास केही होइन। बेला बेलामा स्टार्ट आफैं बन्द हुन्छ।

अङ्कित : के भो त म बिस्तारै जाउँला नि !

पप्पु : लग्ने भए लै जा, तर भोलि दुःख दियो भने मलाई दोष दिन पाउँदैनस् नि !

अङ्कित : खोइ कहाँ छ ?

पप्पुले बाइक बिस्तारै डोऱ्याउँदै बाटोमा निकाल्छ।

पप्पु : तेल हाल्नुपर्दैन फूल टैंकी छ।

अङ्कित : थैक्यू पप्पु। म अहिले लागे त है !

खुसीले गद्गद् हुँदै बाइक स्टार्ट गर्छ र बिस्तारै प्रस्थान गर्छ।

समय : रात परेको छ। स्थान : अङ्कितको घर।

अङ्कित गद्गद् हुँदै उषासित फोनमा गफ गर्दैछ।

अङ्कित : उषा, बाइक म्यानेज भयो। अँ भोलि कति बेला भेट्ने ? ए तिमी मलाई एम्बेसी चोकमा पर्खन्छौ ? ल, ल, म ठीक आठ बजे एम्बेसी चोक आइपुग्छु है । ओके बाइ–आइ लभ यु टु।

०००

समय : बिहान। स्थान : पथलैया हेटौडा सडकखण्ड।

मनीषा , सुषमा र उनीहरूका दुईजना प्रेमीहरू पथलैया–हेटौंडा सडकखण्डमा रहेको ३ नम्बर पुलको एउटा पसलमा बसेर कोल्ड ड्रिक्स पिउँदै अङ्किंत र उषाको प्रतीक्षा गरिरहेका छन्।

मनीषा : खै ? उषा र अङ्कित त यतिन्जेल पनि आइपुगेनन्। ( मोबाइलमा) कहाँ हो तिमीहरू ? हामी ३ नम्बर पुलमा पर्खेर बसेका छौं छिट्टो आओ।

युवक –१ : मोटरसाइकल नै खटारा होला । नत्र हामी यहाँ बसेको आधा घण्टा भइसक्यो खै आइपुगेको ?

युवक– २ : त्यही त।

सुषमा : त्यो उषा, एउटा बाइक् पनि नभएको केटासित के लभ गरेकी होली।

युवक –१ : लभ गर्न बाइक नै चाहिन्छ र ? लभ त एकार्कालाई मन पराएपछि हुने होइन र सुषमा ?

सुषमा : जब मैले तिमीलाई क्याम्पस अगाडि एफजेट बाइकमा पहिलोचोटि देखें– ‘आइ फेल इन लभ’।

युवक–१ : यु मिन यु आर नट लभिङ मी, यु आर लभिङ माइ बाइक। एम आइ राइट ?

मनीषा : छि : यिनीहरू एक छिन चुप लागेर बस्न नसक्दा रहेछन्। हामी हिंड्दै गर्ने हो कि ?

युवक –२ : हो हो फर्कन लेट हुन्छ। बरु हेटौडा नै पुगेर पर्खौं।

सबैजना बाइक चढेर प्रस्थान गर्छन्।

०००

क्रमशः

(कविता)

# मेरो प्यारो पर्सागढी

- जङ्गविजय साह

तिम्रो सुन्दर हरियालीमा
तिम्रो शीतल वासस्थलमा
मैले जीवनको सानो खण्ड बिताएँ
कहिले हसाएँ, कहिले रुवाएँ
मेरो प्यारो पर्सागढी

अन्तरमनको क्षितिजमा
उड्दछ मन जब बनेर चरी
कुहिरोले छोपिएको कालखण्डमा
भेटिन्छ एउटा सुन्दर प्राणी
मेरो प्यारो पर्सागढी

संवत् अठार सय एकहत्तर
थियो महीना पुष मध्यन्तर
अङ्ग्रेज युद्धको अमर कहानी
पुर्खाहरूको विजय निशानी
मेरो प्यारो पर्सागढी

जिंगना, हरपुर अनि बगवन्ना
बागेश्वरी, चैनपुर, एकटाँगा
मनवा, बडेर्वा, बिरुवागुठी
बर्वाछटैली अनि पचरुखी
मेरो प्यारो पर्सागढी

त्यो सिंघाही, तिलावे, फन्टी
गर्छिन् सरिता रन्को फन्को
खेत मैदान पवित्र पारी
देखिन्छ यहाँ हरदम हरियाली
मेरो प्यारो पर्सागढी

कोयलाभार, आमोदेवी
दिन्छ आशीष सधैंभरि
बहुल जात, भाषा, संस्कृति
अनुपम सङ्गम यो प्रकृति
मेरो प्यारो पर्सागढी

जब म जानेछु अन्तैतिर
खोज्दा हुन् मेरा पदचिह्न
मृगशावकहरू उफ्रीउफ्री
तरु लताहरू हल्लीहल्ली
मेरो प्यारो पर्सागढी ।

– इन्जिनीयर, पर्सागढी नपा

## सुरक्षा निकायमा........

**जनार्दन मिश्र (सचिव, पूर्व प्रहरी परिषद, पर्सा)**



जनार्दन मिश्र

जनपद प्रहरीको प्रहरी नायब निरीक्षकबाट अवकाश पाएर अहिले जन्मथलो पोखरिया नगरपालिका–९ बैरियामा बस्छु। विसं २०४९ को कुरा हो। युवा उमेर थियो। पढाइ चलिरहेको थियो । आजको जस्तो सूचनाको द्रुत माध्यम उहिले थिएन । एकजना आफन्तबाट प्रहरी सहायक निरीक्षक पदको लागि गोरखापत्रमा विज्ञापन भएको कुरा जानकारी पाएँ । उतिबेला प्रहरी निरीक्षक र प्रहरी सहायक निरीक्षक पदको फर्म भर्नेदेखि परीक्षाका सबै चरण काठमाडौंमैं सम्पन्न हुन्थ्यो। मेरो शैक्षिक योग्यता, शारीरिक वजन र उचाइ आदि माग भएबमोजिम थियो। कुनै किसिमको त्रुटि थिएन। त्यसैले मानसिकरूपले तयार भएँ । जसोतसो पढाइ खर्च पूरा गरिरहनुभएका अभिभावकमाथि प्रहरी सहायक निरीक्षकको फर्म भर्न काठमाडौं जाने मेरो अभिलाषा अतिरिक्त भारको रूपमा उदय भयो । यद्यपि रिन–पैंचो गरेर काठमाडौं गएँ र फर्म भरें । त्यसबेला मधेसी युवती एकजना पनि थिइनन्।

सुरक्षा निकायको लागि त्यति बेला वीरगंजदेखि काठमाडौंको एकतर्फी बस भाडा झन्डै सय रुपियाँ थियो। त्यसबाहेक काठमाडौंमा बस्ने र खाने खर्च मेरो आर्थिक क्षमताभन्दा धेरै माथि थियो। फर्म भर्नको लागि काठमाडौं जाँदा र फर्कदा झन्डै छ सयभन्दा बढी एक पटकको खर्च थियो । अहिले काठमाडौं वा राजविराज जाँदा एकपटकमा कम्तिमा पनि यातायात भाडा तथा बस्ने र खाने गरेर ३/४ हजारभन्दा कम खर्च हुँदैन। सामान्य नागरिकको लागि अति चुनौतीपूर्ण भन्नुपर्छ। महिलाहरूका लागि उपयुक्त वातावरण निमार्ण गर्न सके सुरक्षा निकायमा मधेसी महिलाको लागि राम्रो अवसर छ। मलाई लाग्छ शैक्षिक योग्यता र शारीरिकरूपले तन्दुरूस्त अधिकांश युवा आर्थिक समास्याका कारण उहिले पनि वञ्चित थिए र आज पनि समान अवस्था छ।



सुषमा द्विवेदी

**सुषमा द्विवेदी (महिला नेतृ, नेपाली काङ्ग्रेस)**

समसामयिक प्रसङ्ग उठान गर्नुभएको छ । सुरक्षा निकायमा मधेसी महिलाहरूको सहभागितत नहुनुको पछाडि धेरै कारण छन्। जसमध्ये सङ्कुचित मानसिकता एक हो । यसको अलावा अपवादबाहेक सुरक्षा निकायतर्फ आकर्षित हुने वातावरण नरहेकोले पनि मधेसी महिलाको पाइला अघि बढ्न सकिरहेको छैन। यद्यपि सङ्कीर्ण मानसिकता अहिले परिवर्तित हुँदै गइरहेको छ। समाजका हरेक वर्ग जागरुक र सकारात्मक छ। त्यसैले मधेसी महिलाहरूको स्वतन्त्रताको दायरा फराकिलो हुँदै गइरहेको छ। यो सकारात्मक पक्ष हो । यद्यपि मधेसी महिलाहरू के गर्न सक्छन् र के गर्न सक्दैनन् भन्ने छुट्याउनु राम्रो होइन। अवसर प्रदान गर्ने हो भने उनीहरू हरेक काममा लागि सक्षम छन् । त्यसैले समाजका हरेक तप्काका साथै अभिभावकजनको कर्तव्य नितान्त महत्त्वपूर्ण छ । यदि छोरीहरू सुरक्षा निकायमा जान उत्सुक छन् भने हौसला प्रदान गर्नुपर्छ। त्यसको लागि सामाजिक अग्रसरता आवश्यक छ । सुरक्षा निकायमा मधेसी महिलाहरूको सहभागिता बढाउने वातावरण तयार गर्ने दायित्वबोध सबैमा हुनुपर्छ । शारीरिक तन्दुरुस्ती महिलाहरूका लागि व्यक्तिगत सुरक्षाका दृष्टिकोणले पनि अति आवश्यक छ।

**मनोज राम (शिक्षक तथा सामाजिक अभियन्ता)**

म शिक्षक पेशामा छु। त्यसबाहेक अवाजविहीन दलित समुदायको अवाज उठाउने कार्य गर्दै आइरहेको छु। अत्यन्तै सान्दर्भिक प्रसङ्ग उठाउनुभएको छ । सिपाही बाहेकको दर्जामा आज पनि प्रतिस्पर्धा गर्न दलित वर्ग अक्षम छ । त्यसको प्रमुख कारण हो, आर्थिक विपन्नता। योग्यता छ । शारीरिक तन्दुरुस्ती पनि छ। तर पैसा छैन। टाढा कसरी जान सक्छन् ? पर्सा, बारा र



मनोज राम

रौतहटका प्रतिस्पर्धीहरूका लागि त राजविराज, बुटवल, पोखरा, सिन्धुली र काठमाडौंमध्ये कुनै पनि पायक छैन। प्रहरी सेवामा जाने मनोकाङ्क्षा भए पनि बहुसङ्ख्यक युवा आर्थिक अभावका कारण प्रतिस्पर्धा गर्नबाट वञ्चित छन्। सुरक्षा निकायमा मधेसी महिला तथा दलित युवाहरूको सहभागिताको सवालमा सरोकारवालाहरूको ध्यानाकर्षण हुन आवश्यक छ । आर्थिकरूपले विपन्न छोरीहरूलाई आर्थिक सहायता प्रदान गरी सुरक्षा निकायमा जान हौसला अभिवृद्धि गर्नु उपयुक्त हुनेछ।

# दुनिया एक रङ्गमञ्च

- वैद्यनाथ महतो कुशवाहा “साधु”

दुनियाँ एउटा रङ्गमञ्च हो
जीवात्मा यसका खेलाडी
कसैको अभिनय दाजुभाइको
कसैको छोरा बुहारी
कसैको अभिनय आमाबुबाको
कोही पुरुष, कोही नारी
कोही नेता, नेत्री, कोही पन्डित पुजारी
कोहीको अभिनय किसान कारिन्दा
कोहीको हाकिम कर्मचारी
डाकु, चोर कसैको अभिनय
कोहीको साधु, सन्त भिखारी
यस्ता विविध अभिनय
जीवात्मा अनेक शरीरधारी
कस्तो मनोरञ्जक विश्व रङ्गमञ्च यो
निर्देशक कृष्ण मुरारी
जसको अभिनय खतम भयो
फर्केर आएन दुवारी
कोहीको यहाँ कोही छैन
अभिनय गरुन्जेल यारी
आए यहाँ अभिनय गरे
नाता, सम्बन्ध प्रेम जोडे

# अन्तर्राष्ट्रिय समाचार

## स्वास्थ्यकर्मीलाई कोभिडको खोप उपलब्ध गराउन आग्रह

जेनेभा, ५ कात्तिक/सिन्ह्वा

विश्व स्वास्थ्य सङ्गठनले विश्व स्वास्थ्य सङ्गठनका महानिर्देशक डा टेड्रोस आधनाम घेब्रेयससले



विश्व स्वास्थ्य सङ्गठनका प्रमुख डा टेड्रोस अधानम घेब्रेयसस ।

स्वास्थ्यकर्मीहरूलाई कोभिड–१९ विरुद्धको खोप सहज उपलब्ध गराउन विश्वका देशहरूलाई आग्रह गरेको छ । विश्वमा स्वास्थ्यकर्मीहरू नै कोभिडको सङ्क्रमणको मारमा परेको बताउँदै उनीहरूको सुरक्षाका लागि खोपको उपलब्धता आवश्यक रहेको बताएको हो ।

विश्व स्वास्थ्य सङ्गठनले कोभिडले स्वास्थ्यकर्मीहरूलाई नराम्ररी प्रभावित पारेको र त्यसबाट कम्तीमा पनि एक लाख १५ हजारजना स्वास्थ्यकर्मीहरूको ज्यान गएको बताएको छ। विश्व स्वास्थ्य सङ्गठनले सन् २०२० को जनवरीदेखि सन् २०२१ को मे महीनाको बीचमा यतिधेरै स्वास्थ्यकर्मीको ज्यान गएको अनुमान गरिएको बताएको छ ।

स्वास्थ्यकर्मीहरूलाई कोभिड खोपका लागि प्राथमिकतामा राख्नुपर्ने बताएका हुन् । उनले अहिले पनि विश्वका करीब ११९ देशका स्वास्थ्यकर्मीहरूको तथ्याङ्क हेर्दा ती देशका करीब पाँच स्वास्थ्यकर्मीमध्ये दुईजनाले मात्र खोपको पूर्ण मात्रा प्राप्त गरेका बताएका छन् ।

त्यसैले अहिले पनि विश्वमा कोभिड महामारीको अवस्था नहटेको र त्यसमा स्वास्थ्यकर्मीहरू पहिलो पङ्क्तिमा बसेर काम गर्नुपर्ने भएकाले उनीहरूलाई खोप उपलब्ध गराउनुपर्ने बताएका हुन्। अहिले विश्वमा खोपको न्यायपूर्ण वितरण हुन नसकेको बताइएको छ । यस विषयमा विश्व स्वास्थ्य सङ्गठनले पनि आलोचना गर्ने गरेको छ ।

**भारतमा १५ हजार नयाँ सङ्क्रमित थपिए**

नयाँ दिल्ली/एएनआई

भारतमा कोरोना भाइरसबाट थप १५ हजारभन्दा बढी नयाँ सङ्क्रमित थपिएका छन् ।

सरकारी अधिकारीहरूले दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा १५ हजार ७८६ जना नयाँ सङ्क्रमित थपिएका हुन् ।

नयाँ सङ्क्रमितमध्ये आठ हजार ७३३ जना केरला प्रदेशका मात्रै रहेका पनि केन्द्रीय स्वास्थ्य मन्त्रालयले शुक्रवार जनाएको छ ।

सोही अवधिमा भारतमा १८ हजार ६४१ जना सङ्क्रमितहरू सङ्क्रमणमुक्त भएका छन् । भारतमा अहिले नयाँ सङ्क्रमितभन्दा सङ्क्रमणमुक्त हुनेहरूको सङ्ख्या धेरै भएकोले सक्रिय सङ्क्रमितहरूको सङ्ख्या घट्दै गएको हो । भारतमा अहिले एक लाख ७५ हजार ७४५ जना सङ्क्रमित अवस्थामा छन् । यो सङ्ख्या २३२ दिनपछिकै सबैभन्दा कम भएको मन्त्रालयका अधिकारीहरूको भनाइ छ ।

भारतमा अहिलेसम्म कुल तीन करोड ३५ लाख १४ हजार ४४९ जना सङ्क्रमणमुक्त भएका छन् ।

मन्त्रालयका अधिकारीहरूका अनुसार पछिल्लो २४ घण्टामा भारतमा कोरोनाका कारण थप २३१ जनाको मृत्यु भएको छ। तीमध्ये केरलाका मात्रै ११८ जना रहेका छन्। रासस

## फिजीमा नयाँ राष्ट्रपति निर्वाचित

सुभा, ५ कात्तिक/सिन्ह्वा

फिजीमा शुक्रवार नयाँ राष्ट्रपति चयन गरिएको छ । फिजीको संसद्ले रातु विलियम कातोनिभेरेलाई राष्ट्रपति निर्वाचित गरेको घोषणा गरेको छ ।



फिजीका नवनिर्वाचित राष्ट्रपति रातु विलियम कातोनिभेर। तस्वीरः सिन्ह्वा

उनले यसअघिका राष्ट्रपति जिओजी कोनौटेलाई विस्थापित गरेका हुन् । कोनौटेले राष्ट्रपतिको दुई कार्यकाल पूरा गरेका छन् । कातोनिभेरेले भोरेक्व बैनीमारामालाई प्रधानमन्त्री नियुक्त गरेका छन् ।

संसद्मा भएको मतदानमा कातोनीभेरेले २८ मत प्राप्त गरेका थिए भने केपाले २३ मत प्राप्त गरेका थिए । संसद्का सभामुख रातु इपेली नैलातिकौले कातोनीभेरेलाई राष्ट्रपति निर्वाचित भएको घोषणा गर्दै बधाई दिएका थिए ।

नवनिर्वाचित राष्ट्रपति कातोनीभेरे फिजिफस्ट पार्टीका पूर्वअध्यक्षसमेत हुन् । उनले प्रधानमन्त्रीको जिम्मेवारी भने अर्को महीनादेखि सम्हाल्नेछन् । रासस

## तीस बालबालिका अपहरित




यो नाइजेरियाको कादुनास्थित छात्रावास हो, जहाँबाट बन्दूकधारीहरूले बितेको मार्चमा फेडरल कलेज अफ फोरेस्ट्री मेकानाइजेशनका छात्राहरूलाई अपहरण गरेका थिए । फोटो : रायटर

अबुजा, ५ कात्तिक/सिन्ह्वा

नाइजेरियामा कम्तीमा पनि ३० जना बालबालिका अपहरणमा परेका छन् । नाइजेरियाको उत्तरपश्चिमी क्षेत्र केबीको एक विद्यालयबाट ती बालबालिका अपहरणमा परेका हुन् । यहाँको विद्यालयबाट बिहीवार ती बालबालिकालाई अपहरण गरेर लगिएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार सो विद्यालयबाट यसअघि पनि केही बालबालिका अपहरणमा परेका थिए ।

यहाँ सशस्त्र विद्रोह गरिरहेको बोको हराम समूहले ती बालबालिका अपहरण गरी लगेको बताइएको छ । यद्यपि सो समूहले भने जिम्मेवारी लिएको छैन । यहाँ यसअघि पनि बोको हराम समूहले बालबालिकालाई विद्यालयबाट नै अपहरण गरी लग्ने गरेकोले यी ३० जना पनि सोही समूहले लगेको प्रहरीले अनुमान गरेको छ ।

उक्त विद्रोही समूहले विद्यालयबाट नै जबरजस्ती बालबालिकालाई अपहरण गरी लैजाने र विद्रोही समूहमा लगाउने गरेको छ । यहाँका प्रहरी अधिकारीले ती बालबालिकाको खोजी कार्य शुरू गरेको जनाएका छन् । रासस

## परवानीपुरमा सुविधासम्पन्न रेस्टुरेन्ट सञ्चालन

प्रस, परवानीपुर, ५ कात्तिक/

वीरगंज–२१ लिपनीबिर्ताको




परवानीपुर चोकमा सुविधासम्पन्न होटल तथा रेस्टुरेन्ट एन्ड बार सञ्चालनमा आएको छ ।

परवानीपुरकै युवा उद्यमी प्रकाश कुशवाहाले स्काइलाइट रेस्टुरेन्ट एन्ड बार सञ्चालनमा ल्याएका हुन् । उनले ८८ लाख रुपैयाँको लागतमा पाँचवटा कोठासहितको पूर्ण वातानुकूलित रेस्टुरेन्ट निर्माणको काम पूरा गरी शुक्रवार उद्घाटन गरेका छन् ।

रेस्टुरेन्टको उद्घाटन उनकी आमा शान्तिदेवी कुशवाहाले गरेकी थिइन् । “हामीले रेस्टुरेन्टमा स्वस्थकर खाना तथा वेभरेज उचित मूल्यमा दिइरहेका छौं,” उनले भने, “पहिले साथीभाइ तथा पाहुना आउँदा खाजा तथा खानाको लागि वीरगंज र जीतपुर कुद्नुपर्थ्यो अब त्यो बाध्यता टरेको छ ।” आफ्नै गाउँठाउँमा शान्त र राम्रो ठाउँमा बसेर परिवारसँग जमघट तथा खानपिन गर्न सकिने रेस्टुरेन्ट सञ्चालनमा आएको उनको दाबी छ ।

उनले बाहिर ५ सय रुपैयाँमा पाउने बियर साढे ४ सयमैं र खानाका परिकारहरू पनि बाहिरको मूल्यभन्दा ५० रुपैयाँ सस्तोमा पाइने भएकोले आगामी दिनमा रेस्टुरेन्टले सबैको ध्यान तान्ने विश्वास लिएका छन् । प्रकाश कक्षा १२ को परीक्षा दिएर बसेका विद्यार्थी हुन् । वीरगंज कलेज प्रालि वीरगंजमा वाणिज्य सङ्कायमा अध्ययनरत प्रकाशका हजुरबुबा सुनर महतो कोइरी र बुवा स्व गगनदेव कुशवाहा परवानीपुरबजारमा दशकौंदेखि किरानापसल गर्दै आएका थिए । तर २०७० सालदेखि किरानापसल बन्द भएको थियो ।

गत असार ५ गते बुबाको निधन भएपछि उनले केही नयाँ काम गर्ने सोचका साथ रेस्टुराँ व्यवसायमा हात हाले । पौने दुई कट्ठा आफ्नै जग्गामध्येमा डेढ कट्ठामा दुई तले घर निर्माण गरेका छन् । भुइँ तलामा सटर खोलेर भाडामा दिएका छन् भने माथिल्लो तलामा रेस्टुराँ र होटल सञ्चालनमा ल्याएका छन् ।

## एमाले विरोधीको घेराबन्दीमा –नेता पौडेल

प्रस, वीरगंज, ४ कात्तिक/

नेकपा एमालेका नेता तथा पूर्वमन्त्री पुरुषोत्तम पौडेलले नेकपा एमालेले जनताका समस्याहरूलाई समाधान गर्न आवाज उठाउँदै आएको बताएका छन् ।

नेकपा एमाले बाराको जीतपुरसिमरा उपमहानगरपालिका–१९ को वडा अधिवेशनको इनर्वासिरामा उद्घाटन गर्दै नेता पौडेलले जनताको समस्या एमालेले नै समाधान गर्ने बताए । उनले एमालेलाई विरोधीहरूले चौतर्फी घेराबन्दी गर्न लागेको बताए ।

नेता पौडेलले गाउँमा विकास गर्ने पार्टी एमाले रहेको बताए । उनले ज्येष्ठ नागरिकलाई भत्ता, शोषित पीडित जनताको पक्षमा बोल्ने र काम गर्ने पार्टी एमाले रहेको बताए ।

एमाले बाराका अध्यक्ष देवनारायण चौधरीले एमालेलाई बारा जिल्लाको सबैभन्दा ठूलो पार्टी बनाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा जीतपुरसिमरा उपमहानगरपालिकाका प्रमुख कृष्ण पौडेल, एमाले बारा क्षेत्र नं ४ का संयोजक मनोज पौडेल, उपप्रमुख सरस्वतीदेवी चौधरीलगायतले मन्तव्य राखेका थिए ।

वडा कमिटीका अध्यक्ष सुधनदास




तत्माको सभापतित्वमा भएको कार्यक्रमको सञ्चालन चन्द्रकान्त उपाध्याय र स्वागत रमेश चौधरीले गरेका थिए । अधिवेशनले सुधनदास तत्माको अध्यक्षतामा ३१ सदस्यीय वडा कमिटी निर्वाचित गरेको छ । जसमा उपाध्यक्ष रामनाथ राउत कुर्मी, सचिव रामप्रसाद चौधरी र उपसचिवमा मन्जुर अन्सारी तथा कमल चौधरी छन् ।

यसैगरी, जीतपुरसिमरा उपमहानगरपालिका–२० मा लालजी ठाकुरको अध्यक्षतामा ३५ सदस्यीय वडा कमिटी गठन गरिएको छ। जसमा सचिव चन्द्रकान्त उपाध्याय, सहसचिव नहकुल सिंह र सदस्यहरूमा भैयाराम सहनी, उत्तम पौडेल, मोजहर अन्सारी, नन्दकिशोर कामीलगायत छन् ।

## लोसपाको प्रदेश सचेतकमा साह

प्रस, जनकपुरधाम, ५ कात्तिक/

लोकतान्त्रिक समाजवादी पार्टी प्रदेश २ को संसदीय दलको प्रमुख सचेतकमा परमेश्वर साह मनोनीत भएका छन् । जनता समाजवादी पार्टी विभाजित भएर बनेको लोसपाको संसदीय दलका नेता जीतेन्द्र सोनलले साहलाई प्रमुख सचेतकमा मनोनीत गरेका हुन् । दलको उपनेतामा रानी शर्मा तिवारी मनोनीत भएकी छन् भने सचेतकमा जानकीशरण साह र कोषाध्यक्षमा बबिता चौधरी मनोनीत भएको सो पार्टीले जनाएको छ ।

लोसपासँग हाल प्रदेश २ मा १६ जना प्रदेश सांसद छन् । पार्टी विभाजनपश्चात् लोसपा प्रदेश नं २ को प्रमुख प्रतिपक्षी दल बनेको छ ।

### स्वास्थ्यकर्मीलाई कोभिड.....

नकारात्मक असर सिर्जना गरेको युनाइटेड वर्ल्ड स्कूल्सको प्रतिवेदन २०२० ले जनाएको छ ।

निम्न वर्गीय अभिभावकले बढी मात्रामा घरायसी तथा शारीरिक श्रममा संलग्न गराउने तथा बालिका विद्यार्थीले कामकाजमा बढी संलग्न हुनुपर्ने जोखिम देखिएको ती अध्ययनले देखाएको छ । खासगरी बालविवाह र छिटो गर्भधारण, घरेलु हिंसा र शोषण, लैङ्गिक हिंसा, यौन दुर्व्यवहार र हैरानी, साइबर बुलिइङ तथा अपराधका घटना पनि कोभिडपछि देखिएका छन् ।

विपन्न र सीमान्तकृत परिवारका बालबालिका दिवाखाजा कार्यक्रमबाट वञ्चित हुनुपर्दा पोषण स्वास्थ्यमैं जोखिम उत्पन्न भई पोषण शिक्षाको अभाव, विद्यालयबाट प्राप्त हुने स्वास्थ्य सेवाबाट वञ्चिति, अभिभावकको घरमा शिक्षा दिने क्षमतामा कमीजस्ता समस्या पनि देखिएका छन् ।

काठमाडौं उपत्यकाका सामुदायिक, संस्थागत र गुठी विद्यालयका व्यवस्थापक, प्रधानाध्यापक र सहायक–प्रधानाध्यापकबीच गरिएको एक अध्ययनले २८ प्रतिशत विद्यालयले मात्र विद्यालय पुनः सञ्चालन गर्ने लिखित प्रोटोकल तयारी गरेकोमा लगभग ५० प्रतिशत विद्यालय कक्षाकोठामा शिक्षण शुरू गर्न पूर्ण तयार भएका र ४७ प्रतिशत विद्यालय केही हदसम्म खुल्न आतुर भएको पहिचान गरेको छ ।

त्यसमा २५ प्रतिशत अभिभावकले आफ्ना बालबालिकाको सिकाइलाई कुनै समय दिन नसक्ने पाइएको थियो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव डा हरि लम्साल सामाजिक र सांस्कृतिक कारणले छात्रा–शिक्षा निरन्तरतामा चुनौती पैदा गरेको स्थितिमा कोभिड–१९ को महामारीले थप चुनौती थपिदिएको ठान्छन् । उनले सबै बालबालिकालाई निरन्तर सिकाइ क्रियाकलापमा जोड्न सरोकार भएका पक्ष, समुदाय र अभिभावको सशक्त भूमिका आवश्यक भएको बताए ।

नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण सन् २०१६ का अनुसार नेपालमा १५ देखि १९ वर्ष उमेर समूहका १७ प्रतिशत किशोरी गर्भवती हुने गर्छन् । ग्रामीण क्षेत्रमा यो दर २२ प्रतिशत रहेको छ भने शहरी क्षेत्रमा १३ प्रतिशत छ ।

किशोरकिशोरी स्वास्थ्य व्यवहार सर्वेक्षण सन् २०१७ ले विद्यालय गइरहेका किशोरीमध्ये ४० प्रतिशत महीनावारीका कारण कम्तीमा एक दिन विद्यालयमा अनुपस्थित हुन्छन् ।

बलात्कारका वार्षिक करीब २०० घटनामध्ये ६८ प्रतिशत बालिका नै हुने गरेका छन् । यस्ता घटनाबाट बालिका तथा किशोरीको पढाइमा असर परिरहेको हुन्छ ।

**वीरगंज महानगरपालिकाको लोककल्याणकारी सूचना**

बालबालिका भविष्य हुन् । आजको लगानी भोलिको लागि सबै बालबालिकालाई विद्यालय पुऱ्याऊ, बालबालिकालाई विद्यालयसम्म पुऱ्याउन र टिकाउनका लागि राजनीतिक दल, नागरिक समाज, सरकारी तथा गैरसरकारी निकायहरू, स्थानीय सञ्चारमाध्यम सबै सहभागी बनौं ।

**आजको राशिफल**

| | | | |
|---|---|---|---|
| मेष | व्यापारवृद्धि | वृष | शत्रुपराजय |
| मिथुन | सुसमाचार | कर्कट | उदरपीडा |
| सिंह | विजय | कन्या | धनलाभ |
| तुला | भाग्योदय | वृश्चिक | बेचैनी |
| धनु | धनलाभ | मकर | सफलता |
| कुम्भ | राज्यलाभ | मीन | वादविवाद |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# भ्रममा नपर्न पूर्व मन्त्री साहको अपिल

प्रस, रौतहट, ५ कात्तिक/

पूर्वमन्त्री प्रभु साहले जनयुद्ध र हजारौं शहीदको अपमान गरेर कुर्सीको चक्करमा खिचडी संसदीय व्यवस्था खडा गरी देशलाई अन्योलग्रस्त एवं अस्थिरतातर्फ पुष्पकमल दाहाल प्रचण्डले धकेलेको आरोप लगाएका छन् ।

प्रचण्डले आफ्नो व्यक्तिगत स्वार्थका कारण माओवादी आन्दोलनलाई टुक्रा–टुक्रा गरी देशलाई नै अस्थिरताको खाडलमा धकेलेको उनले आरोप लगाए । उनले वर्तमान राजनीतिक सङ्कटको अग्रगामी निकासको लागि क्रान्तिकारीहरूको ध्रुवीकरण अपरिहार्य रहेको बताए ।

उनले अनैतिक, असफल एवं अविश्वसनीय व्यक्तिको नेतृत्वमा कदापि नजाने बताए ।

विभिन्न समाचारमाध्यममा आफू माओवादीमा फर्किने समाचारप्रति पनि



उनले आपत्ति जनाए ।

# वीरगंजमा प्रथम महिला उद्यमी सम्मेलन सम्पन्न

प्रस, परवानीपुर, ५ कात्तिक/

लेडिज सर्कल वीरगंज नेपालको सहकार्य र नेपाली युवा उद्यमी वीरगंज च्याप्टरको आयोजनामा शुक्रवार वीरगंजमा प्रथम महिला उद्यमी सम्मेलन सम्पन्न भएको छ ।

कार्यक्रमको उद्घाटन प्रदेश २ का खानेपानी तथा ऊर्जामन्त्री ओमप्रकाश शर्माले गरेका थिए । कार्यक्रममा उनले महिला उद्यमीविना देशको सकारात्मक आर्थिक वृद्धि हुन नसक्ने भएकोले महिलाहरूलाई उद्यम गरी आफ्नै खुट्टामा उभिन आग्रह गरे । उनले महिलाहरू पनि पुरुषसमान भएकाले उद्यम गर्ने महिलाहरूको लागि प्रदेश २ सरकारले सक्दो सहयोग गर्ने बताए ।

कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ताले यस्तो कार्यक्रमले स्टार्टअप गर्ने महिला उद्यमीलाई ऊर्जा मिल्ने र आगामी बाटो सहज बन्दै जाने बताए । उनले महिला उद्यमीहरूको हौसला बढाउने कार्यक्रम सराहनीय भएको बताए ।



तस्वीरः प्रतीक

नेपाली युवा उद्यमी मञ्च वीरगंजका अध्यक्ष अनुप अग्रवालको अध्यक्षतामा भएको कार्यक्रममा पाँचवटा सत्रमा सफल तथा अनुभवी महिला उद्यमी तथा विज्ञहरूबीच अन्तर्क्रिया भएको थियो । कार्यक्रममा लेडिज सर्कल वीरगंज नेपालकी निवर्तमान अध्यक्ष रश्मी दास, कर्पोरेट प्रशिक्षिका इच्छा मल्ल, सामाजिक अभियन्ता कञ्चन झा, अन्तरप्रेरणाका निर्देशक नीरज खनाल, कारखानाका निर्देशक पवित्र गौतम, सफल महिला उद्यमी स्मृति पोखरेल, यशोदा गौतम, सोनी महतो, रुबि चिमोरिया, इसानिका टिबडेवाल, सिमरन चौरसियालगायत अन्तर्क्रियामा सहभागी थिए । कार्यक्रममा १० जना महिला उद्यमीलाई सम्मानित गरिएको थियो ।

कार्यक्रममा पत्रकार रितेश त्रिपाठी र विवेक कर्णले सहजीकरण गरेका थिए ।

# १ लाख ७१ हजारसहित १२ जना पक्राउ

प्रस, वीरगंज, ५ कात्तिक/

जिल्ला प्रहरी कार्यालय, पर्साले जुवाको खालबाट १२ जनालाई पक्राउ गरेको जनाएको छ ।



तस्वीरः प्रतीक

पर्सागढी नगरपालिका–९, बरेवास्थित नन्दलाल दासको गोठमा जुवातास खेलिरहेको सूचना पाएपछि अस्थायी प्रहरी पोस्ट मनवाबाट खटेको प्रहरी टोलीले १२ जनालाई पक्राउ गरेको जिप्रका, पर्साले जनाएको छ । जुवाको खालबाट प्रहरीले नगद रु १ लाख ७१ हजारसहित तासको १७ वटा गड्डी बरामद गरेको छ ।

पक्राउ पर्नेमा पर्सागढी नपा–३ का कोशिया ठाकुर, वीरेन्द्र सहनी, सुरेश साह, वडा नं १ का गोवर्धन राम, वडा नं २ का मोतीलाल चौधरी, सखुवाप्रसौनी गापा–१ का प्रमोद ओभ्रैया, दिनेश दास थारू, राकेश खवास थारू, पटेर्वासुगौली गापा–१ का ज्वाला गिरी, बारा जीतपुरसिमरा उपमहानगरपालिका–७ का नन्दु मुखिया, प्रमोद राउत र सिम्रौनगढ नगरपालिका–१ का अनिल जयसवाल रहेको जिप्रका, पर्साले जनाएको छ । उनीहरूलाई सार्वजनिक हित, स्वास्थ्य सुरक्षा, सुविधा, नैतिकताविरुद्ध (जुवा)को कसूरमा मुद्दा चलाइने प्रहरीले जनाएको छ ।


- जनगणनामा स्वयं सहभागी भएमात्र गणना पूर्ण हुन्छ ।
- सबैले घरमा आउने गणकलाई सहयोग गरौं ।
- आफ्नो तथा परिवारका व्यक्तिहरूको विवरण टिपाऔं ।
- आफ्नो नाता, कुटुम्ब, साथीभाइ, छरछिमेकी र चिनेजानेका सबैलाई जनगणनामा सहभागी हुन प्रेरित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# विभिन्न स्थानमा एमालेको वडा अधिवेशन सम्पन्न

प्रस, वीरगंज, ५ कात्तिक/

केन्द्रले निधारण गरेबमोजिम वडा अधिवेशनको अवधि छोटिंदै गर्दा नेकपा एमालेले वडा भेला तथा अधिवेशनलाई तीव्रता दिएको छ । यस क्रममा शुक्रवार पर्साका विभिन्न चार स्थानमा वडा भेला सम्पन्न भएको सो पार्टीले जनाएको छ ।

वीरगंज महानगरपालिका वडा नं १७ को वडा भेला अलौंमा सम्पन्न भयो । एमाले पर्साका अध्यक्ष प्रभु हजरा संविधानसभा सदस्य प्रद्युम्न चौहान सहभागी भेलाले हरेराम पटेलको अध्यक्षतामा ३१ सदस्यीय वडा कमिटी गठन गरेको छ ।



तस्वीरः प्रतीक

कार्यक्रममा पार्टीका प्रदेश सदस्य नवराज शर्मा, जिल्ला कमिटी सदस्य उस्मान अन्सारी, अफजल हुसेन असौडी, वीरगंज महानगर कमिटीका अध्यक्ष राजेन्द्र यादव, प्रेस चौतारी पर्साका आशिक अन्सारीलगायतले शुभकामना मन्तव्यका व्यक्त गरेका थिए ।

त्यसैगरी, वीरगंज–११ को वडा भेला श्रीपुर धर्मशालामा सम्पन्न भयो । सो पार्टीका केन्द्रीय सदस्य निर्मला देवकोटा र जिल्ला अध्यक्ष हजराको सहभागितामा भेलाले प्रयाग महतोको अध्यक्षतामा वडा कमिटी गठन गरेको छ ।

वडा नं ११ का अध्यक्ष तथा एमाले जिल्ला कमिटीका सदस्य प्रद्युम्न सेढाईंले सहजीकरण गरेको कार्यक्रममा महानगर कमिटीका सचिव सुन्दरप्रसाद कुर्मी, केन्द्रीय प्रचार विभागका सदस्य अरविन्द सिंह, पेशागत महासङ्घका प्रदेश सदस्य रामदेव दासलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

यसैगरी, महानगरको वडा नं ३२ मा पनि शुक्रवार नै वडा भेला सम्पन्न भएको नेकपा एमाले पर्साले जनाएको छ। वडाको परसवामा सम्पन्न भेलाले चुरण गौरोको अध्यक्षतामा वडा कमिटी गठन गरेको छ । पार्टीका केन्द्रीय सदस्य देवकोटा र जिल्ला अध्यक्ष हजराको सहभागितामा भेलाले महानगर कमिटी सचिव कुर्मी, अध्यक्ष राजेन्द्र यादव, नेताहरू रियाजुल अन्सारी, राजकुमार राम, अफताब अन्सारीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कात्तिक ६ गतेसम्म वडा भेला तथा अधिवेशन सम्पन्न गरी वडास्तरीय नेतृत्व चयन गरिसक्नुपर्ने पार्टीको केन्द्रीय निर्देशन अनुसार वडा भेला अन्तिम चरणमा पुगेको जिल्ला अध्यक्ष हजराले बताए । जिल्लाका सबै स्थानमा शान्तिपूर्णरूपमा भेला सम्पन्न भइरहेको उनले जानकारी गराए । कात्तिक ९ गतेसम्म पालिकास्तरको अधिवेशन पनि सम्पन्न गरिसक्ने एमालेको कार्यतालिका छ ।

# भारु १ लाख ८० हजारसहित एकजना पक्राउ

प्रस, रौतहट, ५ कात्तिक/

सीमा प्रहरी चौकी बन्जरहाको टोलीले ईशनाथ नगरपालिका वडा नं १ बन्जरहास्थित बकैया खोलाको बाँधमा चेकजाँच गर्ने क्रममा स्रोत नखुलेको भारुसहित एकजना भारतीय नागरिकलाई पक्राउ गरेको जनाएको छ।

भारतबाट नेपालतर्फ आउँदै गरेको भारत बिहार राज्य शिवहर जिल्ला ग्राम पञ्चायत बेलवाघाट–५ बस्ने २२ वर्षीय सुशीलकुमार साहलाई चेकजाँच गर्दा निजले बोकेको झोलाबाट भारु एक लाख असी हजार बरामद भएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ ।

बरामद भारुसहित साहलाई राजस्व



अनुसन्धान कार्यालय, पथलैयामा पठाइएको छ ।

## दुर्व्यव्हारविरुद्ध इन्जिनीयर.....

जानकारी दिए । शुक्रवार उनीहरूमाथि धनुषा जिल्ला अदालतबाट म्याद थप गर्ने काम भएको उनले बताए ।

प्रजिअ बाँस्तोलाले धनुषामा रहेका सरकारी कार्यालय तथा राष्ट्रसेवक कर्मचारीहरूको सुरक्षाका लागि विशेष सुरक्षा योजना तयार गरेको जानकारी गराउँदै यो घटना राष्ट्रसेवकहरूका लागि निकै पीडादायी भएको बताए । उनले दोषीमाथि हदैसम्मको कारबाही हुने आश्वासन दिए।

बिहीवार दिउँसो जनमत पार्टीका कार्यकर्ताहरूले बाँसको भाटा, लाठीसहित पुगेर डिई कुशवाहासहित कर्मचारीलाई कुटपिट, कार्यालय तोडफोड गर्नुका साथै कार्यालय प्रमुखलाई अर्धनग्न बनाएर नगरपरिक्रमा गराइरहँदा करीब एक घण्टापछि प्रहरीले उद्धार गरेको थियो ।

यसैबीच पक्राउ परेका नेता कार्यकर्ताहरूलाई निशर्त रिहा गर्न माग गर्दै जनमत पार्टीले शुक्रवार जनकपुरधाममा प्रदर्शन गरेको छ । प्रदर्शनको क्रममा जिल्ला प्रशासन कार्यालयअगाडि नेपाल इन्जिनीयर्स एशोसिएशनका पदाधिकारी एवं इन्जिनीयर तथा जनमत पार्टीका कार्यकर्ताका बीचमा भिडन्त हुन लाग्दा प्रहरीले लाठी चार्ज गरेर भीडलाई तितरवितर बनाएको थियो ।

प्रमुख कुशवाहालाई दुर्व्यवहार गरेको आरोपमा पक्राउ परेका ६२ जना जनमत पार्टीका कार्यकर्तामध्ये १७ जनाविरुद्ध मुद्दा दर्ता गरिएको छ ।

घटनामा संलग्न १७ जना नेता, कार्यकर्तामाथि जिल्ला सरकारी वकीलको कार्यालयमार्फत मुद्दा दर्ता गराइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । प्रहरी प्रवक्ता जीतेन्द्र बस्नेतका अनुसार उक्त पार्टीका जिल्ला अध्यक्ष ओमविक्रम कुशवाहा, सर्लाही जिल्ला सदस्य दुर्योधन यादव, प्रेमकिशोर यादव, केन्द्रीय सदस्य वीरेन्द्र महतो, विद्यार्थी जनमत सङ्घका अध्यक्ष विजय यादव, नेता सञ्जय प्रधान, धनिकलाल कापर, विक्रमकुमार साह, कैलाशप्रसाद साह, दिनेश रजक साफी, रामकरण यादव, सञ्जयकुमार सिंह, सञ्जय साह, महेशकुमार यादव, अमरनाथ साह र सुन्दर मण्डलविरुद्ध मुद्दा दर्ता भएको छ ।

## जयनगर-कुर्था रेलमार्ग

कुर्थासम्मको ३४.९ किलोमिटर न्यारो गेज खण्डलाई ब्रोड गेजमा रूपान्तरण कार्य सम्पन्न भएको हो । कार्यक्रममा मन्त्री यादवले नेपाल र भारतीबीचको सम्बन्ध ऐतिहासिक रहेको बताइन्। उनले जयनगर–कुर्थाका साथै बर्दिवाससम्म पुऱ्याउने कार्यलाई तीव्रता दिइने बताएकी छन् ।

सो अवसरमा नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्राले नेपाल र भारतबीचको सहकार्यलाई सदैव निरन्तरता दिने बताए। नेपालमा रेलसेवा विस्तारका लागि पनि भारतले सहयोग गर्ने उनले बताए। भारत सरकारको आर्थिक सहयोग अन्तर्गत ८.७७ अर्ब रुपैयाँमा ३४.९ किलोमिटर जयनगर–कुर्था खण्ड निर्माण भएको हो। जयनगर–कुर्था खण्डमा कुल आठवटा स्टेशन र साना स्टेशन छन्।

# मास्क र सेनिटाइजर वितरण

प्रस, वीरगंज, ५ कात्तिक/

वीरगंज युवा समाजले महानगरस्थित विभिन्न सामाजिक संस्थालाई शुक्रवार निश्शुल्क मास्क र सेनिटाइजर वितरण गरेको संस्थाका अध्यक्ष कमल चौगाईंले



मास्क र सेनिटाइजर वितरण गरेको छ। कोभिडको जोखिम अझै कायमै रहेकोले भीडभाडमा जाँदा मास्क लगाएर मात्रै जानुपर्छ भन्ने सन्देश प्रवाह गर्न बताए ।

प्रत्येक सङ्घसंस्थालाई एउटा डिब्बा मास्क र ६ थान सेनिटाइजर वितरण गरिएको समाजले जनाएको छ । युवा समाजले वीरगंज रानीघाटस्थित मानव सेवा आश्रम, आदर्शटोलस्थित आमाको माया छात्रावास र छपकैयामा रहेको यतिम खानामा मास्क र सेनिटाइजर वितरण गरेको हो ।

स्वास्थ्य सुरक्षा महत्त्वपूर्ण रहेकोले आवश्यक स्वास्थ्य सतर्कताको प्रारम्भिक चरणमा मास्क प्रयोग गर्नु रहेको समाजका प्रतिनिधि दिवससिंह ठकुरीले बताए ।


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,